# वर्गदृष्टि
Bargadrishti Weekly साप्ताहिक

वर्ष १ अङ्क ७ | २०७३ साउन १७ गते सोमबार | Monday, Aug 01, 2016 | पृष्ठ ८ | मूल्य रु. १०।-


## तिलाठीबासीको समर्थनमा क्रान्तिकारी माओवादीको सभा

**काठमाडौं ।** नेकपा (क्रान्तिकारी माओवादी)ले सप्तरीको तिलाठीबासीले देखाएको भारतीय हस्तक्षेप विरुद्धको प्रतिरोधको उच्च कदर गर्दै समर्थनमा एक कोणसभा आयोजना गरेको छ । आइतबार काठमाडौंको असन इन्द्रचोकमा 'सप्तरीको तिलाठीका जनताले देखाएको उच्च साहसको कदर गरौं, भारतीय विस्तारवादी हस्तक्षेपको डटेर विरोध गरौं, मातृभूमिको रक्षाका निमित्त एकजुट भएर संघर्ष गरौं' भन्ने मूल नाराका साथ आयोजना गरिएको कोणसभालाई क्रान्तिकारी माओवादीका नेता सिपी जगुरेल लगायतका नेताहरुले सम्बोधन गरेका छन् । राष्ट्रिय स्वाधीनताको लडाइँमा सप्तरीका तिलाठीबासीले अभूतपूर्व साहस प्रदर्शन गरेको भन्दै नेता गजुरेलले तिलाठीबासीको प्रशंसा गर्नुभयो । तिलाठीबासीले सबै देशभक्त तथा राष्ट्रवादीहरुलाई भारतीय हस्तक्षेपका विरुद्ध लड्ने प्रेरणा दिलाएको सो अवसरमा बताउनस भयो । पार्टीको नेवा राज्यले आयोजना गरेको सो कोणसभामा कार्यकर्ताहरुको उल्लेख्य उपस्थिति रहेको थियो ।

## पहिरोको पीडामा प्युठान



यस वर्षको वर्षायाममा प्युठानले निकै पीडा खेप्यो । हुन त देशभरका वस्तीहरु कतै डुवान, कतै बाढी कटान त कतै जलाशयमा परिणत भएका कारणले देशभरका वस्तीहरु यस वर्ष पीडामा नै छन् । तथापि तुलनात्मक रुपमा अत्यधिक मससुनी वर्षाको कारणले पहिरोबाट निकै प्रभावित हुन पुगेको प्युठान जिल्ला र विशेषतः यो जिल्लाको एक गाविस फोप्ली सबैको केन्द्रमा रहन गयो ।

सबैले यस गाविस लायत देशैभरका वस्तीहरुमा शिघातिशीघ्र राहत र उद्धारका कामहरु पुर्‍याउन सरकार र सम्बन्धित सबै पक्षहरुसंग अनुरोध पनि गरे । नेपाली सेनाका उद्धार टिमहरु अन्य निजामति कर्मचारीहरु सहित धेरै प्रभावित क्षेत्रहरुमा पनि पुगे । कतै पैदल त कतै हेलिकप्टरमार्फत आवश्यक राहत पुर्‍याउन पहल पनि भइरहेको छ । यस्ता प्रयासहरु कतैकतै बाक्लो कुहिरो र निरन्तर वर्षाका कारणले विफल हुन गएको स्थानीय अधिकारीहरुले बताएका छन् ।

प्युठानमा पनि यस्तै हुन गएको ... बाँकी ८ पेजमा

# 'सम्मानपूर्ण अभिवादन सप्तरीका तिलाठीबासीलाई'

◆ **वर्गदृष्टि संवाददाता**

*काठमाडौं ।*

नेकपा (क्रान्तिकारी माओवादी)ले एक प्रेस विज्ञप्ति जारी गर्दै आफ्नो राष्ट्र र राष्ट्रियताका लागि ठूला-ठूला बलिदान गर्ने परम्परालाई कायम राख्दै सङ्घर्षमा भाग लिनुभएका सबै देशभक्त नेपाली दिदीबहिनी र दाजुभाइहरूप्रति सम्मानपूर्ण अभिवादन गर्दै वहाँहरूको न्यायपूर्ण सङ्घर्षमा आफ्नो पार्टीको पूर्ण ऐक्यबद्धता जाहेर गरेको छ । क्रान्तिकारी माओवादीका अध्यक्ष मोहन वैद्यले जारी गरेको विज्ञप्तीमा नेपालीमाथि भारतीय शासक वर्गले गर्दै आएको चौतर्फी अतिक्रमण विरुद्ध देशभक्त, स्वाभिमान र बहादुर नेपाली एक भएर जाइलाग्नु न्यायपूर्ण भएको ठहर गरेको छ । अन्तर्राष्ट्रिय कानुन विपरीत दुई देश वीचको दशगजाभित्रको सीमा मिचेर कुनौलीको खांडोखोलामा एकपक्षीय रुपमा बांधिरहेको बांधले नेपालको वस्ती डुबानमा परेपछि स्थानीय नेपाली अतिक्रमणकारी विरुद्ध जाइ लागेका थिए ।



शुक्रवार १३ गते सप्तरी जिल्लाको तिलाठी र भारतको विहार राज्यको सुपौल जिल्ला अन्तर्गत कुनौली ग्राम पञ्चायतको बीचको दशगजा सीमामा नेपाली जनताका तर्फबाट बारम्बार बांध नबांध्न अनुरोध गर्दागर्दै भारतीय पक्षबाट जबर्जस्ती नेपाली भूभाग मिचेर बाँध बनाउँदै गरेकाले त्यसका विरुद्ध तिलाठीका देशभक्त, स्वाभिमानी र बहादुर नेपाली जनताहरू प्रतिरोधमा उत्रिएको विज्ञप्तिमा उल्लेख छ ।

विज्ञप्तिमा भनिएको छ- 'बांधका कारण नेपालको ठूलो भूभाग डुवानमा पर्ने गरेको घटना नयाँ होइन । भारतले नेपालको सीमा अतिक्रमण र नेपालमाथि प्रत्यक्ष हस्तक्षेपका अनेकौं घटना घट्दै आएको कुरा सर्वविदितै छ । तर, यही श्रावण १३ गते सप्तरी जिल्लाको तिलाठी र भारतको विहार राज्यको सुपौल जिल्ला अन्तर्गत कुनौली ग्राम पञ्चायतको बीचको दशगजा सीमामा नेपाली जनताका तर्फबाट बारम्बार बाँध नबाँध्न अनुरोध गर्दागर्दै भारतीय पक्षबाट जबर्जस्ती नेपाली भूभाग मिचेर बाँध बनाउँदै गरेकाले त्यसका विरुद्ध तिलाठीका देशभक्त, स्वाभिमान र बहादुर नेपाली जनताहरू उत्रिए ।'

पहिले देखि नै योजनावद्ध तयारीमा रहेका भारतीय अतिक्रमणकारीले नेपालीमाथि ढुङ्गामूढा गरेर एक दर्जन बढि नेपाली जनता घाइते बनाएको खबरले संपूर्ण नेपाली जनतालाई आक्रोशित तुल्याएको छ भन्दै विज्ञप्तिमा भनिएको छ- 'यसप्रकारको खुला अतिक्रमण हुंदा पनि चुप लागेर बस्ने यो सरकारको हाम्रो पार्टी घोर भर्त्सना गर्दछ । सप्तरीको तिलाठी लगायत देशका अन्य सबै स्थानमा भारतद्वारा जबर्जस्ती बनाइरहेको बांध निर्माण प्रक्रिया अविलम्ब... बाँकी ८ पेजमा

# सरकारलाई सुकुम्बासीहरुको १५ दिने अल्टिमेटम

◆ **वर्गदृष्टि संवाददाता**

**काठमाडौं ।** संयुक्त राष्ट्रिय सुकुम्बासी तथा अव्यवस्थित बसोबासी संघर्ष समितिले एक ज्ञापनपत्र बुझाउँदै आफ्ना तत्कालीन ६ बुँदे र दीर्घकालीन ७ बुँदे माग पूरा गर्न सरकारलाई १५ दिने अल्टिमेटम दिएको छ । आइतबार सुकुम्बासीहरुको जुलुससहित गएका सुकुम्बासीहरुले काठमाडौंको गुजेश्वरीमा रहेको 'अधिकारसम्पन्न बागमती सभ्यता एकीकृत विकास समिति'को कार्यालयमा ज्ञापनपत्र बुझाउँदै उनीहरुले यस्तो अल्टिमेटम दिएका हुन् ।

अखिल नेपाल क्रान्तिकारी सुकुम्बासी संघका महासचिव सन्धा प्रधानले दिएको जानकारी अनुसार यस विकास समितिमार्फत् उनीहरुले




गृहमन्त्रालय, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, शहरी विकास तथा भवन निर्माण मन्त्रालय, नेपाल मानव अधिकार आयोग, नेपाल पत्रकार महासंघ र जिल्ला प्रशासन कार्यालय भक्तपुर, ललितपुर र काठमाडौंलाई बोधार्थ पठाएका छन् ।

उपत्यकाका नदी किनारामा बसोबास गरिरहेका अव्यवस्थित बसोबासीहरुलाई जर्बजस्ती उठीबास गराउने सूचना तत्काल बन्द गर्नुपर्ने, थापाथलीलगायत उठीबास जनताका घरटहरा र जनधनको उचित क्षतिपूर्ति र जिउधनको सरक्षा गरिनुपर्ने, नयाँ संविधानमा व्यवस्था गरेको बास अधिकारको कार्यान्वयन गर्नुपर्ने लगायतका मागहरु ... बाँकी २ पेजमा

# कोशी ब्यारेजमा बढ्दो भारतीय चासो

◆ **वर्गदृष्टि संवाददाता**

कोशी व्यारेजमा आतङ्कवादीहरुको हमलाको खतरा भनी भारतीय पक्षले नेपाललाई गरेको पत्राचारले स्वाभिमान नेपालीहरुलाई असैह्य बनाएको छ । यसभित्र गंभीर प्रकृतिको आशय लुकेको जो कोही नेपालीले सजिलै आंकलन गर्न सक्तछ । एक त यो पालाको अधिक वर्षा र कोशी नदीमा बहेको भारी पानीको मात्राले ल्याएको त्रास र अर्को भारत आफैले ब्यारेजमाथि आतंकवादी हमला वा थ्रेट भनी गरेको पत्राचारले सबैलाई आतंकित तुल्याएको छ ।

यो पत्राचारको आशयलाई आतंकवादी थ्रेट नभई नेपालमा सरकार परिवर्तनको खेलसंगै भारतले कोशी व्यारेजमाथि आफ्नो प्रभुत्व कायम गर्न गरेको कुत्सित प्रयासका रुपमा नेपाली जनताले प्रष्ट बुझेका छन् । त्यसो त भारतले यसअघि उक्त व्यारेजमाथि अतिक्रमण, हस्तक्षेप वा कब्जा गर्न नखोजेको भने होइन । तथापि यस पालाको हस्तक्षेपमा आफ्नो स्वार्थ वा हात देखाउनु भन्दा पनि अरु कुनै अमूक व्यक्ति वा संस्थाको हवाला दिएर प्रवेश गर्न खोजिएको आफैमा प्रष्ट देखिन्छ ।

यसपालीको सघन वर्षाको कारणले कोशी नदीमा पानीको मात्रा निकै बढेको र नेपाली भूभाग अर्थात् तराइका स्थानीय वासिन्दा लगायत भारतको विहारस्थित स्थानीय जनता सबै सन्त्रस्त रहेको बेला भारतीय पक्षबाट यस्तो प्रकारको गैर जिम्मेवार र खराब मनशाययुक्त पत्राचार हुनुले नेपाल र नेपाली स्वाभिमानमाथि एकपछि अर्को गर्दै खेलहरु खेलिइरहेको आफैमा प्रष्ट हुन आएको छ ।

यसमा पनि अझ अनौठो कुरा त... बाँकी ८ पेजमा

# संसदीय व्यवस्थाको दुष्चक्र र पराइ चासो

राष्ट्रियताको आवरण ओढेर निर्वाध सत्ता खान्छु भन्ने ओलीको दाइँ अब सकिएको छ । राष्ट्रिहीत विपरीतको 'अपर कर्णाली', 'मध्यमर्स्याङ्दी', अरुण-३, जस्ता घातक देशघाती जलस्रोत र नदी कब्जा गर्ने भारतसितका सन्धि साँक्षी हुँदाहुँदै राष्ट्रियताको पारदर्शी जालोले कलंकित अनुहार छोप्ने चाहना कति पूरा हुन सकेन ओलीको । पुराना असमान, राष्ट्रघाती, अपमानजनक वलात् लादिएका भारतसँगका सन्धिका बारेमा पुनरावलोकनसम्मका कुरा उठाउन नसक्ने ओलीको राष्ट्रवादी नारामा धेरै दम छैन । ओलीको सत्ता पल्टाउन सफल भएका कांग्रेस र माओवादी केन्द्रको राष्ट्रहिताको हैसियत भने दिल्ली धाममा शेरबहादुर देउवा र कृष्णबहादुर महराहरुको प्रभूको दर्शन र सत्ताको याचनाले स्पष्ट पारेको छ ।



✍ **ईश्वरचन्द्र ज्ञवाली**

हरेक सत्ताको पटाक्षेपमा दिल्ली धाममा पुगेर प्रभूको दर्शन गर्ने परम्परा नै बसालेका राष्ट्रिय आत्मसमर्पणवादी दलालका प्रतिमूर्तीहरुले राष्ट्रियताको कुरा गर्नु शोभनीय नभए पनि निर्लज्जतापूर्वक त्यही गरिरहेका छन् । देश अस्थिरतातर्फ धकेलिएको भन्ने तर्क गरेर आफ्ना काला कर्तुत लुकाउने मनसाय र जनतामा उनीहरुले पार्न खोजेको भ्रमको पर्दाफास धेरै हुन सकेको छैन । उनीहरुले राष्ट्रियताको विषयमा 'अडान' लिएको र नाकाबन्दीलाई सामना गरेको तर्क पनि अहिले गरिएको छ । जनतामा राष्ट्रवादी छवि फैलाउने र जनताको सम्वेदनालाई आकर्षित गर्ने मनसायले गरिएका त्यस्ता प्रचारको कुनै तुक भने छैन । जो सबभन्दा बढी राष्ट्रघाती छ, उसैले यहाँ राष्ट्रियताको कुरा गर्ने गरेका छन् । गएको नाकाबन्दीको सामना जनताभित्र अन्तर्निहित देशप्रेमको भावनाले मात्र गरेको हो । जनता स्वयम् सचेत भई घरमा चूलो बल्न र ओखतीमूलो समेत उपलब्ध नहुँदासम्म पनि स्वस्फूर्त रुपमा संयमित बनिरह्यो । देशमा त्यस्तो राष्ट्रिय संकटको घडीमा पनि भ्रष्टाचार, तस्करी, कालोबजारी, कृत्रिम अभाव, लूट र शोषणको उच्च कीर्तिमान कायम गरि राखिएको थियो । जसले जतिसक्छ लूट, भ्रष्टाचार गर, घुस खाऊ भन्ने आम आचारसंहिता बनिरहेको बेला पनि जनताले धैर्य र संयम कायम गरेको कुरालाई, जनताले गरेको देशको मायालाई मैले गरेको भनेर मात्र फुलाउन र गलत श्रेय लिन खोज्नु कुटिल मानसिकताकै परिचायक हो । त्यही कुटिल मनोविज्ञन ओलीले प्रयोग गरिरहे, गरिरहेका छन् । र, त्यसैको जनअपेक्षित श्रेय बटुलेर जनतालाई ठगिरहेका छन् । तर उनको त्यो हैसियत अहिले समाप्त भइसकेको छ । ओलीले गलत बाटो समाएकाले नै उनको सत्ता अवरोहणको अवस्था सिर्जना भएको हो ।

देशलाई सँधै अस्थीरता, अराजकता, अव्यवस्थामा पुऱ्याएर माथि उठ्न नदिने, कुनै पनि विकासका गतिविधि हुन नदिने र देशलाई यस्तै गरिबी, अभाव, पछौटेपन र अविकसित अवस्थामा झुलाइरहने र जनतालाई तवाहमा पारेर आफ्नो अधीनमा राखी रहने भारतीय चालबन्दीमा सबै नेताहरु फँसेका छन् । यसैको परिणाम वर्तमान राजनीतिक घटनाक्रम हो । संसदीय व्यवस्थाको खेल सँधै यस्तै हुन्छ । जुन संसदीय व्यवस्थालाई अँगालो हालेर संसदवादी, बुर्जवा पार्टीहरु यसको विकल्प नै छैन भनेजस्तो गरी यसैमा टाँसिरहने काम गरिरहेका छन्, संसदीय व्यवस्थामा यति धेरै हठ यिनीहरुको आफ्नै हठ पनि हैन । यो व्यवस्थाभन्दा "दायाँबायाँ नगर" भन्ने आफ्ना प्रभूको आदेशको हठ हो यो । संसदीय व्यवस्था नेपालबाट असफल भइसकेको व्यवस्था हो । २०४६ सालदेखि २०५८ सालसम्मको अवधि संसदीय व्यवस्थाको पूर्ण क्षमतामा संचालनको अवधि थियो । तर त्यही संसदीय व्यवस्थाले ६ वर्षमै जनयुद्ध/जनविद्रोह ... बाँकी ६ पेजमा

वर्गदृष्टि
Bargadrishti Weekly साप्ताहिक

## सम्पादकीय

# भारतीय हस्तक्षेपविरुद्धको सशक्त प्रतिरोध

'मरता तो क्या नही करता' भन्ने स्थितिमा भारतीय ज्यादतीको सप्तरी तिलाठीका जनताले सशक्त प्रतिरोध गरेका छन् । काठमाडौंका शासकहरुलाई यखितर सप्तरीको 'तिलाठी' राष्ट्रियताको पाठ सिकाउने थलो मात्र होइन, भारतीय हस्तक्षेप विरुद्ध प्रतिरोधको पनि केन्द्र बन्न पुगेको छ । काठमाडौंका शासकहरुभन्दा दसगजामा बस्ने जनता 'कैयौं गुणा' बढी राष्ट्रवादी छन् भन्ने कुरा यस घटनाले पनि प्रष्ट पारेको छ । वास्तवमा शासकहरुले राष्ट्रियताको पाठ दशगजामा बस्ने नेपाली जनताबाट सिक्न जरुरी छ ।

राष्ट्रभक्तिको सलाम गर्नेपर्छ- तिलाठीबासीहरुलाई । महान सहिद साकेतचन्द्र मिश्रको जन्मभूमि तिलाठीप्रति सिङ्गो नेपाल र नेपालीहरुले यतिखेर गर्वानुभूति गरेका छन् । यस प्रतिरोध आन्दोलनमा घाइते हुनुभएका पूर्व जिविस सदस्य देवनारायण यादव, हर्षबर्द्धन कर्ण, संजीव झा, रोशन झा, सुशिल यादव, शंकर यादवसहित १४ नेपालीले मातृभूमिको रक्षाका लागि बगाएको रगतको मूल्य साँच्चै नै महान छ । राज्यले घाइतेहरुको यथाशिघ्र निःशुल्क स्वाथ्योपचार गर्न जरुरी छ ।

तिलाठीका जनताको यो प्रतिरोध आन्दोलनले भारतीय पक्षलाई पछि हट्न बाध्य पारेको छ । अब भारतीय पक्षले त्यो बाँध नबनाउने भएको छ । भारत र नेपालका स्थानीय अधिकारीहरुको कुनौली सीमामा भएको वार्ताले बाँध नबनाउने सहमति गरेको छ । यो प्रतिरोधले भारतीय ज्यादतीलाई गतिलो पाठ सिकाएको छ । दशजगामा यस्तै प्रतिरोध आन्दोलनहरु ठाउँ ठाउँमा उठ्न जरुरी छ । भारतीय ज्यादती विरुद्ध जनस्तरबाट नै प्रतिरोध आन्दोलन नउठाएसम्म सीमाका जनताले भारतीय ज्यादतीबाट मुक्ति पाउने सम्भावना छैन । राज्य भएर पनि नभएजस्तै छ । शासहरु भारतीय सत्तासिन वर्गको तावेदारीमा लिप्त छ । सत्तामा पुग्न र सत्तामा टिकीरहन दिनरात दिल्लीकै चाकडीमा शासहरु, नेताहरु मग्न छन् । जनताले भोगीरहेका समस्याहरुप्रति राज्य पूरै उदासिन छ ।

भारतसँग सीमा जोडिएका दर्जनौं ठाउँमा भारतले यसरी नै बाँध बाधेर नेपाली भूभाग डुबानमा पार्दै आएको छ । सीमाका हजारौं नेपालीहरु डुवानका कारण विस्थापित बन्नुपर्ने स्थिति पैदा भइरहेको छ । ठाउँ ठाउँमा यस्ता प्रतिरोध हुने गरेको भएपनि तिलाठीको जत्तिको चर्चा पाउन सकेका छैनन् । र, अधिकांश प्रतिरोध भारतीय सीमा सुरक्षा बलका कारण दबाइएको छ । नेपालीहरु निमुखा भएर भारतीय पक्षको सँधै ज्यादती सहन वाध्य हुनु परेको छ । दिनदिनै सीमा मिचिएको छ । रातारात जंगे पिलरहरु गायब हुने गरेका छन् । दिनदिनै नेपाली चेलीहरुको सीमामा अस्मिता लुटिएको छ । घास, दाउरा, मेलापात जाँदा नेपालीहरु एसएसबीको गोलीका शिकार भएका छन् । यस्तो ज्यादतीका विरुद्ध दशजगाका नेपालीहरु दिनदिनै लडिरहेका छन्, तर उनीहरुले यो लडाइँमा काठमाडौका शासकहरुको साथ पाउन सकेका छैनन् ।

भारतले वर्षौंदेखि प्रचलित अन्तर्राष्ट्रिय कानूनका सिद्धान्त, प्रावधान र व्यवहारविपरीत दशगजा क्षेत्रमा एकतर्फी रुपमा जबर्जस्ती बाँध, तटबन्ध, सडक लगायत संरचनाहरु निर्माण गर्दै आइरहेको छ । जुनसुकै बहाना र प्रयोजनका लागि निर्माण गरिएको भएपनि यी संरचनाहरु गैरकानूनी, अनुचित र अपराधजन्य छन् । यस्ता सबै बाँध, सडक र तटबन्धहरु भत्काइनुपर्छ । र, नेपाली राष्ट्रियता तथा जनजीवनमा प्रतिकूल असर पर्ने कुनै पनि कार्य भारतीय पक्षले गर्नु हुँदैन ।

नेपाल एउटा सार्वभौम राष्ट्र हो । यही भारत बेलायती साम्राज्यवादको गुलाम हुँदा पनि नेपाल स्वतन्त्र रह्यो । नेपाली वीरयोद्धाहरुले बलिदानीपूर्वक नेपाललाई स्वतन्त्र र सार्वभौम हैसियतमा राखे । तर ००७ सालदेखि यता नेपाली शासकहरुमा रहेको राष्ट्रिय आत्मसमर्पणवादी चरित्रका कारण नेपाल भारतीय सत्तासिनवर्गको अप्रत्यक्ष रुपमा गुलाम बन्दै आइरहेको छ । शासकहरुको यही गुलामी प्रवृत्ति विरुद्ध विद्रोहको झिल्को हो, सप्तरीको तिलाठी ।

विश्वमान चित्रमा नेपाललाई सार्वभौम र स्वतन्त्र तथा स्वाभीमानी राष्ट्रको हैसियतमा राख्न चौतर्फी रुपमा रहेको भारतीय हस्तक्षेपको चौतर्फी प्रतिरोध गरिन जरुरी छ । हजारौं तिलाठीहरुले दशजग्गामा यसरी नै प्रतिरोध आन्दोलनहरु उठाउन जरुरी छ । यस्ता प्रतिरोध आन्दोलनले मात्र वर्षौंदेखिको भारतीय हस्तक्षेप र ज्यादतीहरुलाई ठेगान लगाउन सक्नेछ ।

परिवर्तनको सम्वाहक
मूलबाटो
सत्यतथ्य निश्पक्ष खबर तथा
विचारका लागि सँधै हेर्न र पढ्ने गरौं ।
www.moolbato.com

# मनोगतवाद र व्यक्तिवाद सम्बन्धमा

क. माओ

### मनोगतवादको सम्बन्धमा

केही पार्टी सदस्यहरूको माझमा मनोगतवाद गम्भीर हदसम्म विद्यमान छ र यसले राजनैतिक परिस्थितिको विश्लेषणमा र कामको निर्देशनमा ठूलो हानि पुऱ्याउँछ । यसको कारण के भने राजनैतिक परिस्थितिको मनोगत विश्लेषण र कामको मनोगत निर्देशनले अनिवार्य रूपमा या त अवसरवादलाई या विप्लववादलाई पैदा गर्छ । जहाँसम्म मनोगतवादी आलोचना जथाभावी वा निराधार कुराकानी वा आपसी शंकाको सम्बन्ध छ, पार्टीभित्र यस्ता कुराहरूले अक्सर गरी असैद्धान्तिक झगडा पैदा गर्छन् र पार्टी-संगठनलाई कमजोर बनाउँछन् ।

अन्तरपार्टी आलोचनाको सम्बन्धमा अर्को उल्लेखनीय कुरो के छ भने केही कमरेडहरू आलोचना गर्दा ठूलठूला कुरालाई छाडेर स-साना कुरामा ध्यान दिन्छन् । उनीहरू के कुरा बुझ्दैनन् भने आलोचनाको मुख्य काम राजनैतिक तथा संगठनात्मक गल्तीहरू देखाउनु हो । जहाँसम्म व्यक्तिगत कमजोरीको सवाल छ, ती कमजोरीहरू राजनैतिक र संगठनात्मक गल्तीहरूसित सम्बन्धित छैनन् भने चाहिनेभन्दा बढी तिनको आलोचना गर्नु र सम्बन्धित कमरेडहरूलाई हैरान पार्नु आवश्यक छैन । अर्को कुरो, यस्तो आलोचनाको सिलसिला एकपल्ट चलेपछि ठूलो खतरा के छ भने पार्टी-सदस्यहरूले आफ्नो ध्यान पूरा रूपमा स-साना कुराहरूमा केन्द्रित पार्नेछन्, सबैजना लाछी बन्नेछन् र सबैले पार्टीका राजनैतिक अभिभाराहरूलाई बिर्सनेछन् ।

यसलाई सुधार्ने मुख्य उपाय पार्टी सदस्यहरूलाई शिक्षित पार्नु हो, जसले गर्दा उनीहरूको सोंचाइ र उनीहरूको पार्टी-जीवनमा राजनैतिक तथा वैचारिक भावना व्याप्त होस् । यस उद्देश्य पूर्तिका लागि हामीले यी कामहरू गर्नु पर्छ : (१) राजनैतिक परिस्थितिको विश्लेषण र वर्गशक्तिहरूको मूल्यांकन गर्दा पार्टी-सदस्यहरूलाई मनोगत विश्लेषण तथा मूल्यांकन गर्नुको सट्टामा मार्क्सवादी-लेनिनवादी तरिका लागू गर्न सिकाउनु, (२) संघर्षको कार्यनीति र कार्य-तरिका निर्धारित गर्नका लागि सामाजिक र आर्थिक अनुसन्धान तथा अध्ययनतर्फ पार्टी-सदस्यहरूको ध्यान आकृष्ट गर्नु र वास्तविक अवस्थाहरूको अनुसन्धान नगरेमा उनीहरू हवाई कल्पना एवं विप्लववादको खाल्टोमा जाकिनेछन् भन्ने कुरा बुझ्नमा कमरेडहरूलाई मद्दत गर्नु. र (३) अन्तरपार्टी संघर्षमा, मनोगतवाद, मनपरीवाद र अश्लील आलोचनादेखि सावधान रहनु, भनाइहरू तथ्यहरूमाथि आधारित गर्नु र आलोचना राजनीतिमाथि केन्द्रित गर्नु ।

### व्यक्तिवादको सम्बन्धमा

पार्टी-संगठनमा व्यक्तिवादी प्रवृत्तिले आफूलाई निम्न रूपहरूमा अभिव्यक्त गर्दछ :-

१. **बदला लिने मनोवृत्ति ।** पार्टीभित्र कुनै सैनिक कमरेडद्वारा आफ्नो आलोचना भएपछि कुनै-कुनै कमरेडहरू पार्टीबाहिर बदला लिने अवसर खोज्छन् र त्यसको एउटा उपाय सम्बन्धित कमरेडलाई कुटपिट गर्नु वा गालीगलौज गर्नु हो । उनीहरू पार्टीभित्र पनि बदला लिन खोज्छन् । "तिमीले यस बैठकमा मेरो आलोचना गरेका छौ, त्यसैले अर्को बैठकमा कुनै उपायबाट तिमीसित बदला लिनेछु ।" बदला लिने यस्तो मनोवृत्ति शुद्ध व्यक्तिगत स्वार्थबाट, समग्र रूपमा वर्ग र पार्टीका हितहरूको अवहेलनाबाट उत्पन्न हुन्छ । यसको निशाना शत्रुवर्ग होइन, बरू हाम्रो आफ्नै पंक्तिमा रहेका व्यक्तिहरू हुन्छन् । यो यस्तो विनष्टकारी कुरो हो, जसले संगठन र त्यसको लडाकू क्षमतालाई कमजोर पार्छ ।

२. "**सानो डफ्फा**" **मनोवृत्ति ।** कुनै कमरेडहरू आफ्नै सानो डफ्फाको हितलाई मात्र ध्यानमा राख्छन् र सामान्य हितलाई बेवास्ता गर्छन् । बाहिरबाट हेर्दा यो व्यक्तिगत हितको सम्पादन जस्तो देखिंदैन, तर वास्तवमा यसमा अधिकतम संकीर्ण व्यक्तिवाद निहित रहेको छ र यसको प्रभाव विनाशकारी र बिघटनकारी रहन्छ । लालसेनामा "सानो डफ्फा" मनोवृत्तिको बोलबाला रहेको थियो । आलोचनाको फलस्वरूप त्यसमा केही सुधार भए पनि त्यसका अवशेषहरू अझसम्म विद्यमान छन् र त्यसलाई हटाउन अझ कोशिश गर्नु जरुरी छ ।

३. "**कर्मचारी**" **मनोवृत्ति ।** कोही कमरेडहरू के कुरा बुझ्दैनन् भने, जुन पार्टी र जुन लालसेनाका उनीहरू सदस्य छन्, ती दुवै क्रान्तिका अभिभाराहरू सम्पन्न गर्नका लागि साधन हुन् । उनीहरू के महसुस गर्दैनन् भने उनीहरू स्वयं नै क्रान्तिका निर्माता हुन्, तर उनीहरू के ठान्छन् भने क्रान्तिप्रति होइन, बरु आफ्ना वरिष्ठ अधिकारीप्रति उनीहरू उत्तरदायी छन् । क्रान्तिको "कर्मचारी"को यो निष्क्रिय मनोवृत्ति पनि व्यक्तिवादको एउटा अभिव्यक्ति हो । क्रान्तिका लागि विनासर्त काम



पार्टीलाई बलियो पार्ने हो भने हामीले सारा पार्टी सदस्यहरूको तत्परतालाई अनुप्राणित गर्नका लागि जनवादी केन्द्रीयतालाई व्यवहारमा लागू गर्नुपर्छ । प्रतिक्रियावाद र गृहयुद्धको अवधिमा बढी केन्द्रीयता रहेको थियो, नयाँ अवधिमा केन्द्रीयतालाई जनवादसित घनिष्ठ रूपले गाँस्नु पर्छ ।

गर्ने सक्रिय कार्यकर्ताहरू धेरै संख्यामा किन नभएका हुन् भन्ने कुरा यसबाट थाहा हुन्छ । यस मनोवृत्तिको उन्मूलन नभएमा सक्रिय कार्यकर्ताहरूको संख्या बढ्ने छैन र क्रान्तिको गह्रौं बोझ इनेगिने मानिसहरूको काँधमाथि पर्नेछ र यसले गर्दा संघर्षलाई हानी पुग्नेछ ।

४. **ऐश-आरामको लालसा ।** लालसेनामा यस्ता केही मानिसहरू पनि छन्, जसको व्यक्तिवाद ऐश-आराम खोज्ने प्रवृत्तिमा अभिव्यक्त हुन्छ । उनीहरू हमेशा के आशा गर्छन् भने उनीहरूको टुकडी ठूलो शहरमा प्रवेश गर्नेछ । उनीहरू काम गर्नका लागि होइन, बरु ऐश-आरामका लागि शहरमा जान चाहन्छन् । जुन लाल इलाकाहरूमा जीवन कठिन छ, त्यहाँ उनीहरू कदापि जान चाहँदैनन् ।

५. **निष्क्रियता ।** केही कमरेडहरू, कुनै कुरो आफ्नो इच्छा विपरीत भएमा निष्क्रिय बन्छन् र काम गर्न बन्द गर्छन् । मुख्य रूपमा यसको कारण शिक्षाको कमी हो, तर कहिलेकाहीं यसको कारण नेतृत्वबाट कामको अनुचित ढंगले संचालन गरिनु, अनुचित ढंगबाट कामको बाँडफाँड गरिनु वा अनुचित ढंगबाट अनुशासन लागू गरिनु पनि हुन्छ ।

६.**सेना छोड्ने इच्छा ।** लालसेनाबाट स्थानीय काममा स्थानान्तर हुन चाहने मानिसहरूको संख्यामा बृद्धि भइरहेको छ । यसको कारण व्यक्तिगत मात्र होइन, अन्य कारणहरू पनि छन् । ती हुन् :- १) लालसेनामा जीवनका भौतिक कठिनाइहरू, २) लामो संघर्षपछिको थकाइ, र ३) नेतृत्वद्वारा अनुचित ढंगबाट कामको संचालन गरिनु, अनुचित ढंगबाट कामको बाँडफाँड गरिनु वा अुनचित ढंगबाट अनुशासन लागू गरिनु ।

यसलाई सुधार्ने मुख्य उपाय शिक्षालाई बलियो पार्नु हो, जसले गर्दा विचारधारात्मक रूपबाट व्यक्तिवादलाई खतम पार्न सकियोस् । अर्को उपाय उचित ढंगबाट कामको संचालन गर्नु, कामको बाँडफाँड गर्नु र अनुशासन लागू गर्नु हो । यसबाहेक, लालसेनाको भौतिक जीवनमा सुधार ल्याउने उपायहरू पत्ता लगाइनुपर्छ, र आराम र बहालीको लागि सुलभ हुने हर अवसरलाई भौतिक अवस्था सुधार्नका लागि प्रयोग गरिनु पर्छ । आफ्नो शैक्षिक काममा हामीले के बताउनु पर्छ भने सामाजिक उत्पत्तिको दृष्टिबाट व्यत्तिवाद पार्टीभित्र निम्नपुँजीवादी र पुँजीवादी विचारहरूको प्रतिबिम्ब हो ।

### विप्लववादका अवशेषहरूको सम्बन्धमा

लालसेनाको पार्टी-संगठनले विप्लववादको विरुद्ध संघर्ष पहिले नै चलाइसकेको छ, तर पर्याप्त मात्रामा चलाएको छैन । तसर्थ, यस विचारधाराका अवशेषहरू लालसेनाभित्र अझ पनि विद्यमान छन् । निम्न रूपहरूमा यसको अभिव्यक्ति हुन्छ : १) मनोगत तथा वस्तुगत अवस्थाहरूलाई बेवास्ता गरी आँखा चिम्लेर काम गर्नु २) शहरका लागि निर्धारित पार्टीका नीतिहरूलाई अपर्याप्त र फितलो ढंगबाट कार्यन्वित गर्नु ३) शिथिल फौजी अनुशासन– खास गरेर पराजयको बेलामा ४) केही टुकडीहरूद्वारा घर जलाउने काम गरिनु ५) भगुवाहरूलाई गोली हानेर मार्ने चलन र शारीरिक सजाय दिने चलन । यी दुवै चलनमा विप्लववादी प्रवृत्ति प्रकट भएको छ । सामाजिक उत्पत्तिको दृष्टिबाट हेर्ने हो भने विप्लववाद आवारा सर्वहारा विचारधारा र निम्नपुँजीवादी विचारधाराको मेल हो ।

**यसलाई सुधार्ने उपायहरू निम्न छन् :**

१. विचारधारात्मक रूपले विप्लववादलाई निर्मूल पार ।
२. नियम, नियमावली तथा नीतिहरूद्वारा विप्लववादी व्यवहारलाई हराऊ ।

### पार्टीभित्र जनवादको सवाल

उपर्युक्त उद्देश्य प्राप्तिका लागि पार्टीभित्र जनवाद आवश्यक छ । पार्टीलाई बलियो पार्ने हो भने हामीले सारा पार्टी सदस्यहरूको तत्परतालाई अनुप्राणित गर्नका लागि जनवादी केन्द्रीयतालाई व्यवहारमा लागू गर्नुपर्छ । प्रतिक्रियावाद र गृहयुद्धको अवधिमा बढी केन्द्रीयता रहेको थियो, नयाँ अवधिमा केन्द्रीयतालाई जनवादसित घनिष्ठ रूपले गाँस्नु पर्छ । हामी जनवादलाई लागू गरौं र यसरी सम्पूर्ण पार्टीमा तत्परताको विकास गरौं । हामी पार्टीका सारा सदस्यहरूको तत्परताको विकास गरौं र अनि ठूलो संख्यामा नयाँ कार्यकर्ताहरू प्रशिक्षित हुनेछन्, संकीर्णतावादका अवशेषहरू निर्मूल हुनेछन् र सम्पूर्ण पार्टी इस्पातझैं सुदृढ रूपले एकगठ हुनेछ ।

## सरकारलाई ... ...

सो ज्ञापनपत्रमा समेटिएको छ ।

नेपाल सुकुम्बासी पार्टी, नेपाल जनवादी मोर्चा, नेपाल सुकुम्बासी संघ (कांग्रेस), नेपाल भूमिहीन सुकुम्बासी संगठन (एमाले), अखिल नेपाल सुकुम्बासी संघ (माके), अखिल नेपाल क्रान्तिकारी सुकुम्बासी संघ (क्रान्तिकारी माओवादी), नेपाल बसोबास बस्ती संरक्षण समाज, महिला एकता समाज, अखिल नेपाल सुकुम्बासी संघ (विप्लव माओवादी), नेपाल सुकुम्बासी सेवा समाज, नयाँ शक्ति सुकुम्बासी संगठन, एन व्याब्सनसहित १२ वटा सुकुम्बासी संघ संगठनहरुले यस्तो अल्टिमेटम दिएका छन् ।

सरकारले आफ्नै नागरिकहरुमाथि सुकुम्बासीका नाममा देशभर दमन अभिमान चलाए पछि सुकुम्वासी जनता एकजुट हुन थालेका छन् । देशमा विद्यमान सुकुम्वासी सङ्घ, सङ्गठन तथा संस्थाहरुद्वारा गत शुक्रबार बुद्धनगरमा एक संयुक्त वैठक बसी संयुक्त राष्ट्रिय सुकुम्बासी तथा अव्यवस्थित बसोबासी सङ्घर्ष समिति निर्माण गरी सङ्घर्षलाई अघि बढाउने सहमतिमा पुगेका थिए ।

असार २१ गते सर्लाहीको ढुंग्रेखोला गाविसको धरहराको वस्तीमा रहेको सुकुम्वासी टोलमा पसेर प्रहरीले यसपालाको मकै बाली नष्ट गरिदिएपछि सुकुम्वासी संघ/संगठनहरु सरकारको विरोधमा उत्रिन थालेका छन् । प्रहरी प्रशासनद्वारा देखाइएको अमानवीय व्यवहारप्रति खेद व्यक्त गर्दै संघर्षका कार्यक्रमहरु निर्माणमा जुटेका छन् ।

तर यसै सातामात्र नेपाल सरकार सहरी विकास मन्त्रालय अन्तर्गत अधिकारसम्पन्न बागमती सभ्याता एकीकृत विकास समितिले नदी वरपरका वस्तीहरुलाई उठाउन १५ दिने अल्मेिटम जारी गरेको छ । यदि यो सूचनाको उल्लङ्घन गरेमा सुकुम्वासीहरुलाई त्यहांबाट जबर्जस्त निकाला गरिने पनि बताइएको छ ।

यी सबै कुराहरुले जुर्मुराउंदै गरेका सुकुम्वासहिरुलाई एक ढिक्का भएर सङ्घर्षमा अघि बढ्ने वातावरण निर्माण गरिरहेको छ ।

अधिकारसम्पन्न बागमती सभ्याता एकीकृत विकास समितिले विष्णुमती नदीलाई प्रदुषणमुक्त गर्नभन्दै ती वस्तीहरु सूचना जारी गरिएका मितिले १५ दिनभित्र खाली गर्न दबाब दिएको हो । जारी सूचनामा नदी किनारमा वस्ती बसाई गाईगोठ बनाई नदी प्रदुषित गरिरहेको आरोप लगाइएको छ ।

स्वच्छ र ताजा वातावरण निर्माणका लागि वातावरण सफा बनाई सौदर्य अभिवृद्धि गर्ने सरकारको लक्ष्य रहेको पनि उक्त सूचनामा जनाइएको छ । साथै, सार्वजनिक जग्गा अतिक्रमण गरेकाले १५ दिनभित्र संरचना भत्काइसक्नु पर्ने कुरा पनि बताइएको छ । अन्यथा सम्वन्धित व्यक्ति वा पक्षले टहरा नहटाएमा सरकारले टहरा हटाउंदा लागेको खर्च उनीहरुले नै तिर्नुपर्ने बताइएको छ ।



# जनवादी केन्द्रीयताको मर्म विचारमा एकमत होइन, कार्यान्वयनमा एकमत हो

■ इन्द्रमोहन सिग्देल 'बसन्त', नेता, क्रान्तिकारी माओवादी

**» *पार्टीमा भएको पछिल्लो विभाजनपछि नेकपा (क्रान्तिकारी माओवादी) कस्तो खालको पार्टी निर्माणमा जुटेको छ ?***

मार्क्सवादले हामीलाई सिकाएको छ कि आदिम साम्यवादलाई छाडेर त्यसपछिको मानव समाज उत्पीडक र उत्पीडित गरी दुईवर्गमा विभाजित रहि आएको छ। त्यसकारण, दास युगदेखि आजसम्मको मानव समाजको इतिहास भनेको वर्गसंघर्षको इतिहास हो। त्यो वर्गसंघर्षको क्रममा कुनै पनि वर्गले आफ्नो विरोधी वर्गका विरुद्ध आफ्नो शक्तिलाई सँगठित गर्न, त्यो शक्तिलाई परिचालित गर्न, आफ्नो वर्गीय स्वार्थको रक्षागर्न, त्यसका लागि आफ्नो वर्गको सत्ता प्राप्त गर्न, त्यो सत्तालाई सुदृढ गर्न र त्यो सबैका लागि विरोधी वर्गमाथि आफ्नो वर्गीय अधिनायकत्व लागु गर्न त्यसले आफ्नो एउटा राजनीतिक पार्टीको निर्माण गर्दछ। यो उत्पीडक र उत्पीडित दुबै वर्गका निम्ति त्यत्ति कै सत्य हो। यसरी राजनीतिक पार्टी भनेको वर्गसँघर्षको उपज हो र त्यो वर्गसघर्षलाई आफ्नो हित अनुकुल परिचालन गर्ने राजनीतिक साधन पनि हो।

कम्युनिस्ट पार्टी भनेको सबै खाले उत्पीडनका विरुद्ध सँघर्ष गर्ने सर्बहारावर्गको अग्रदस्ता हो। यसले वर्गीय शोषण सहित सबै प्रकारका दमन तथा उत्पीडनबाट मानवजातिलाई मुक्त गरी अन्ततः विश्व साम्यवादको स्थापना गर्ने र त्यो प्रक्रियामा सर्बहारा वर्गीय सत्ताका साथै आफ्नो पार्टीको समेत विलोपीकरण गर्ने महान् उद्देश्य राख्दछ। हाम्रो पार्टी नेपाल कम्युनिस्ट पार्टी (क्रान्तिकारी माओवादी) नेपाली सर्बहारा वर्गको अग्रदस्ता हो। नयाँ जनवाद, समाजवाद र सर्बहारा सास्कृतिक क्रान्तिहरु हुँदै वर्गविहीन समाज साम्यवादमा पुग्ने र अन्ततः राज्यसत्तासहित आफ्नो समेत विलोपीकरण गर्ने यसको रणनीतिक उद्देश्य हो। इतिहासमा नेपालका क्रान्तिकारीहरुले थुप्रै पटक उपरोक्त प्रकारको कम्युनिस्ट पार्टी निर्माण गर्ने प्रयत्न गरेका छन् र त्यसमा सापेक्षिक सफलता पनि प्राप्त भएको छ। तात्कालिन नेकपा (माओवादी)को मूल नेतृत्व प्रचण्डले नवसंशोधनवादी कार्यदिशा पक्डेपछि हामीले त्यसका विरुद्ध विद्रोह गऱ्यौं र नयाँ पार्टी निर्माण गर्ने कोशिस गऱ्यौं। तर पनि हामीले सच्चा कम्युनिस्ट पार्टीको जग बसाउनका लागि अपेक्षित सफलता प्राप्त गर्न सकेका थिएनौ। हाम्रो पार्टी नेकपा (क्रान्तिकारी माओवादी) बाट बादल-गुर्रुगिुट प्रचण्डले नेतृत्व गरेको नवसंशोधनवादी समूहमा विलय भए पछि हामीले उपरोक्त प्रकारको सच्चा कम्युनिस्ट पार्टी निर्माण गर्ने पुनः कोशिस गरेका छौं। हामीलाई विश्वास छ, उपरोक्त प्रकारको सच्चा कम्युनिस्ट पार्टी निर्माण गर्ने हाम्रो मिसनमा हामी सफल हुने छौं।

**» *पार्टीले अभ्यास गर्दै आएको संगठनात्मक सिद्धान्तका बारेमा केही बताइदिनुस् न ?***

विश्वका अन्य कम्युनिस्ट पार्टीहरुले जस्तै हाम्रो पार्टीले अवलम्वन गर्दै आएको सँगठनात्मक सिद्धान्त पनि जनवादी केन्द्रीयता हो। यसलाई लेनिनवादी संगठनात्मक सिद्धान्त पनि भनिन्छ। यो सिद्धान्त जनवाद र केन्द्रीयता जस्ता दुई विपरीत प्रवर्गहरुको द्वन्द्वात्मक सम्बन्धमा आधारित हुन्छ। व्यापक जनवादको जगमा केन्द्रीयताको निर्माण हुन्छ र त्यो केन्द्रीयताले पार्टीका निर्णयहरुलाई कार्यान्वयन गराउने र पार्टीमा पुनः जनवादी अभ्यासको सुनिश्चितता गर्ने गर्दछ। केन्द्रीयताविनाको जनवाद अराजकता हुन्छ र जनवादविनाको केन्द्रीयता नोकरशाही अनुशासन बन्न जान्छ। यी दुबै गलत हुन्।

प्रत्येक कमिटीहरुमा पार्टीका सबै सदस्यका बीचमा व्यापक छलफल गर्ने, त्यो छलफललाई जनतासम्म पनि पुऱ्याउने, गल्ति कमजोरीहरुको तीखो तर रचनात्मक तथा मैत्रिपूर्ण आलोचना गर्ने, सबै तहका नेतृत्वदायी अंगहरुको निर्वाचन गर्ने यो जनवादको प्रक्रिया हो। नेतृत्वले छलफलमा उठेका समग्र विषयहरुको संश्लेषण गर्दछ। त्यो संश्लेषणमा आम कार्यकर्ता र जनता समेतको विचारको प्रतिनिधत्व हुने हुनाले त्यसले बलियो केन्द्रीयता निर्माण हुन जान्छ। यसरी कुनै पनि कमिटीको नेतृत्वले आफूमा केन्द्रित भएको अधिकार प्रयोग गर्दा त्यो पार्टी सदस्यहरु र जनताको समेत विचारको प्रतिनिधित्व हुन पुग्छ। यसले व्यक्तिलाई संगठन, अल्पमतलाई बहुमत, तल्लो कमिटीलाई माथिल्लो कमिटी, सिर्गी पार्टीलाई केन्द्रीय समिति र केन्द्रीय समितिलाई महाधिवेशनअन्तर्गत रहन कुनै अप्ठ्यारो पर्दैन बरु त्यो स्वैच्छिक अनुशासनको विषय बन्न जान्छ। कसैको कुनै विषयमा भिन्न मत रहन गयो भने त्यसलाई सुरक्षित राखेर वा सिधै माथिल्लो कमिटिमा पठाएर त्यो मत गलत वा सही के हो भन्ने निस्कर्षमा नपुगुन्जेल छलफल चलाउने मौका दिनु पर्दछ। मिर्टि, भेला वा सम्मेलनहरुमा नेतृत्वले नया-नयाँ तर्कहरु अगाडि ल्याउन, जनवादको अभ्यास गर्न कार्यकर्तालाई जति धेरै उत्साहित गर्छ, त्यसबाट निर्माण हुने केन्द्रीयता पनि त्यति नै बलियो हुन्छ। तर, चुस्त-दुरुस्त संगठन र त्यसमा हुने व्यवस्थित र तीखो बहसमार्फत् मात्र यो उपलब्धि प्राप्त गर्न सकिन्छ।

**» *बदलिएको परिस्थितिमा लेनिनवादी संगठनात्मक सिद्धान्तका पनि केही सीमाहरु रहे, त्यसको विकल्प खोजिनुपर्छ भन्ने आवाज पनि बेलाबेलामा उठ्ने गरेका छन् नि ?***

यो कुरा सही हो कि कुनै पनि सिद्धान्त जड हुँदैन। लेनिनवादी संगठनात्मक सिद्धान्तका लागि पनि यो कुरा त्यत्ति कै सत्य हो। यसकारण जनवादी केन्द्रीयताका कतिपय मान्यतामा समसामयिक सम्मृद्धिकरण गर्नु आवश्यक हुन्छ र त्यसो गर्नु पनि पर्दछ। यो स्वाभाविक कुरा हो। तर जसरी जनवादी केन्द्रीयताको विकल्प खोज्नु पर्दछ भन्ने प्रश्न उठ्ने गरेको कुरा छ, त्यो भने नितान्त गलत छ। जनवाद र केन्द्रीयता दुई विपरीत प्रवर्गहरु हुन्। यिनीहरुका बीचको सम्बन्ध भनेको द्वन्द्वात्मक एकताको सम्बन्ध हो। यो द्वन्द्वात्मक भौतिकवादी मान्यतामा आधारित छ। विपरीतहरुका बीचमा हुने द्वन्द्वात्मक एकताको विकल्प खोज्नु पर्छ भन्ने मान्यता बहुलवादी मान्यता हो, यो अधिभूतवाद हो। संगठनात्मक सिद्धान्तको विकासको नाममा कम्युनिस्ट पार्टीलाई बहुलवादी बनाउने र संसदवादको ढोका उघार्न चाहने सुधारवादी तथा दक्षिणपंथी नवसंशोधनवादीहरुले यो विषयलाई जोड दिएर उठाउने गरेका छन्। हामी क्रान्तिकारी कम्युनिस्टहरुले यसको जोडदार विरोध गर्नु पर्दछ र यो मान्यतालाई परास्त गर्न सक्नु पर्दछ।

**» *दशवर्षे जनयुद्धको कालखण्ड र शान्तिप्रक्रिया यताका संगठनात्मक अभ्यासको समीक्षा कसरी गर्न सकिन्छ ?***

हाम्रो पार्टीले दशवर्षे जनयुद्धकाल र शान्ति प्रक्रियायताका पार्टीको संगठनात्मक अभ्यासको समीक्षा अहिले गरिसकेको छैन। यो स्पष्ट छ कि जनयुद्धको पछिल्लो काल र शान्ति प्रक्रियामा प्रवेश गरिसके पछि पनि सँगठनात्मक हिसाबले पार्टीमा गंभीर समस्याहरु देखा परे। ती संगठनात्मक समस्याले पार्टीमा पैदाभएको वैचारिक तथा राजनीतिक विचलनलाई थप मलजल समेत गरेको थियो। यो सबैको समग्र समीक्षा अहिले यहाँ संभव छैन। यो समीक्षा हामीले आगामी सम्मेलनका क्रममा गर्ने छौं।

**» *नेपालको कम्युनिष्ट आन्दोलन अर्थात् माओवादी आन्दोलनमा रहेका संगठनात्मक समस्याहरुलाई कसरी केलाउन सकिन्छ ?***

नेपालको माओवादी आन्दोलनको इतिहासमा तात्कालिन नेकपा (माओवादी) निर्माणको सेरोफेरोमा संगठनात्मक समस्याको परिचालन र जनवादी केन्द्रीयताको अभ्यास मूलतः सही नै थियो। जनयुद्धको प्रक्रियामा प्रवेश गरेपछि केही समस्याहरु देखापर्न थाले। जनयुद्धको पछिल्लो अवधि र पछि शान्ति प्रक्रियामा प्रवेश गरेपछि पार्टीमा संगठन निर्माण र जनवादी केन्द्रीयताको अभ्यास गलत ढर्लि हुन थाल्यो। पार्टीका सबै महत्वपूर्ण निर्णयहरु प्रायः सम्झौतामा गरिन्थ्यो। मेरो विचारमा मूल नेतृत्वको चिन्तनमा व्याप्त रहेको ँगकष्यल को अधिभूतवादी मान्यता यसको मूल कारण थियो। एकको दुईमा विभाजन हुन्छ भन्ने माओको द्वन्द्ववादी मान्यताका विरुद्ध दुईको एकमा संयोजन हुन्छ भन्ने यार्ङ शिएन चेनको अधिभूतवादी मान्यता पार्टी संगठनमा लामो समयसम्म प्रभावी रहन गयो। पार्टी वस्तुतः विपरीतहरुको एकत्व रहेन। साथै पार्टीमा एकता-संघर्ष-रुपान्तरण र नयाँ आधारमा नयाँ एकताको द्वन्द्ववादी प्रक्रिया अगाडि बढेन। संघर्ष रुपान्तरणको हदसम्म विकास हुन पाएन, फलतः यो संझौतामा या फुटमा गएर टुर्गिनि भयो। पार्टीले एकता-संघर्ष-संझौता या फुटको यो गोलचक्करलाई तोड्न सकेन। जनवाद औपचारिकतामा मात्र सीमित रह्यो र केन्द्रीयता नोकरशाही प्रकारको बन्न गयो।

शान्तिकालमा आईसकेपछि पार्टी संगठन र पार्टीको संगठनात्मक पद्धति दुबै अझ ध्वस्त भए। पार्टीका कमिटीहरु यति भद्दा हुन थाले कि त्यहाँ विहंगम छलफलको त कुरै छाडौं कमिटीमा कतिजना सदस्य छन्, बैठकमा को उपस्थित भयो र को भएन भन्ने अभिलेखसम्म राख्नसक्ने स्थिति समेत रहेन। पछिल्लो कालखण्डमा पार्टी प्रवेश गर्ने युवा कमरेडहरुका निमित्त आलोचना र आत्मालोचना भनेको कुरा कुन चराको नाम हो भने जस्तै हुन थाल्यो। व्यक्तिगत स्वार्थका लागि गुटबन्दी व्यापक हुनथाल्यो। गुटगत स्वार्थ पुरा गर्न माओका "तीन गर" नगर भने जस्ता भए र "तीन नगर" गर भने जस्ता हुन थाले। कम्युनिस्ट पार्टीका बैठकहरु महन्तहरुले बैद्धिक कथा बाचन गर्ने धार्मिक अनुष्ठान जस्ता बन्न गए। यसले जनवादलाई ध्वस्त पाऱ्यो र पार्टीका नेताहरु सर्बज्ञाता पण्डितहरु जस्ता जनता, कार्यकर्ता र देशका भाग्यविधाता जस्ता हुन थाले। यो पार्टीमा नेतृत्वप्रतिको घृणा र श्रद्धावाद फस्टाउने आधार बन्यो। पार्टीको वैचारिक विचलनका साथै संगठनात्मक क्षेत्रमा देखापरेको यो अस्तव्यस्तताका कारण पार्टी र क्रान्तिले कति गंभीर धक्का खायो भन्ने कुरा हाम्रा सामु छर्लि भै सकेको छ। यसलाई हामीले आगामी राष्ट्रिय सम्मेलनमा गंभीर समीक्षा गर्ने छौं।

**» *दुई-लाईन संघर्षलाई कम्युनिस्ट पार्टीको चालक शक्ति मानिन्छ। तर नेपालको कम्युनिस्ट आन्दोलनमा पार्टीमा दुई-लाईन संघर्ष सुरु हुना साथ पार्टी फुटी हाल्ने गरेको छ। दुई-लाईन संघर्ष नचलाउं त पार्टी गतिहीन भएर सिढ्निने, चलाउँ त पार्टीमा फुटको श्रृङ्खला नरोकिने र संझैता गरौं त त्यो पनि प्रतिक्रान्तिको आधार बन्ने, यो अन्तरविरोधलाई कसरी बुझ्ने हो ? यसको समाधानको विधि के होला ?***

यो निकै महत्वपूर्ण प्रश्न उठाउनु भयो। पार्टी भनेको विपरीतहरुको एकत्व हो। जुनसुकै कम्युनिस्ट पार्टीमा पनि सही र गलत विचारका बीचमा निरन्तर संघर्ष चलिरहन्छ, त्यसलाई हामीले दुई-लाईन संघर्ष भन्दछौं। गलत विचारलाई परास्त गरेर मात्र पार्टीमा सही विचार हावी हुन्छ। तथ्यबाट सत्य पत्ता लगाउने भनेको पनि यही हो। दुई-लाईन संघर्षको प्रक्रियाबाट नै सच्चा क्रान्तिकारीहरुले गलत विचारलाई परास्त गर्छन् र पार्टीको क्रान्तिकारी धारको रक्षा र विकास गर्दछन्। यसरी दुई-लाईन संघर्ष पार्टीलाई क्रान्तिकारी बनाई राख्ने र क्रान्तिकारी धारको विकास गर्ने पार्टीको चालक शक्ति हो। एउटा क्रान्तिकारीले यसलाई दरो गरी आत्मसात गर्नु पर्दछ र दुई-लाईन संघर्षमा आफ्नो स्पष्ट पक्षधरतासहित आफूलाई सधै सक्रियतापूर्वक प्रस्तुत गर्नु पर्दछ।

दुई-लाईन संघर्षको क्रममा कहिलेकाहीं पार्टीमा गलत विचार हावी हुन जान्छ र त्यसले पार्टीको रङ बदलिदिन्छ। त्यो बेला एकताको नाममा क्रान्तिकारीरु पार्टीमा बसिरहनु क्रान्तिको हितमा हुँदैन। क्रान्ति र विचारको रक्षाका लागि क्रान्तिकारीहरुले पार्टीबाट विद्रोह गर्नु अनिवार्य हुन्छ। फेरि अर्कोतिर, कुनै कालखण्डमा पार्टीमा राम्रो काम गरेका तर पछि आएर आफ्नो रङ बदलेका अवसरवादी नेताहरु पार्टी छोडर अन्यत्र जाने गर्दछन्। पार्टीको अंकगणितीय हिसाबले यी दुईवटै परिघटनाहरु फुटका रुपमा चित्रित हुने गरेका छन्। तर सारमा भने यी क्रान्तिको हितमा हुन्छन् र यसले क्रान्तिकारीहरुका बीचको एकतालाई बलियो नै बनाएको हुन्छ। एउटा कम्युनिस्टले यी दुबै परिघटनालाई क्रान्तिकारी पार्टीमा भएको नकारात्मक फुटका रुपमा बुझ्नु हुँदैन।

अर्कोतिर, पार्टीमा कसैले पनि आफ्नो रङ बदली नसकेको तर मूलतः क्रान्तिकारी कित्ता भित्रका विभिन्न गलत प्रवृत्तिहरुका बीचमा भीषण दुई-लाईन संघर्ष चलेको स्थितिमा एउटा क्रान्तिकारीले एकता-संघर्ष-रुपान्तरण र नयाँ आधारमा नयाँ एकताको लागि जोड दिनु पर्दछ। वैचारिक शुद्धताको नाममा फुट रोज्नु वा फुटबाट पार्टीलाई बचाउने नाममा पार्टीमा सहमति खोज्नु दुबै गलत कुरा हुन्। यी दुबै गलत चिन्तनको वैचारिक आधार पार्टी भनेको एकमना एकता हो, विपरीतहरुको एकत्व होइन भन्नेमा रहेको हुन्छ। यो बुझाई मार्क्सवादी होइन, अधिभूतवादी हो। नेपालको माओवादी आन्दोलन यो रोगबाट मुक्त छैन। पार्टी निर्माणको प्रक्रियामा यो बुझाईलाई राम्रोसंग परास्त गर्नु पर्दछ।

पार्टीमा अनावश्यक फुट वा गलत संझौता हुनुका पछाडि पार्टीमा सँधै एकमत वा सहमति हुनु पर्छ भन्ने मान्यताले पनि एकहदसम्म काम गरेको पाइन्छ। यसको परिणाम या त संझौता गरेर एकमत या विचार मिल्नेहरु फुटेर एकमत भन्ने हुन्छ। यो बाहेक अर्को हुँदैन। जनवादी केन्द्रीयताको मर्म विचारमा एकमत होइन कार्यान्वयनमा एकमत हो। कुनै कमरेडलाई आफ्नो मत तत्काल अल्पमतमा परे पनि अन्ततः सही छ भन्ने लागेको छ तर उसले पार्टीमा त्यसबारे छलफल हुने र त्यो मत पुनः पार्टीमा हावीहुने संभावना देख्दैन भने उसले क्रान्तिको रक्षाका लागि त्यो मतका आधारमा भिन्न पार्टी बनाउनु अनिवार्य ठान्दछ। त्यतिबेला पार्टी निर्माणका लागि गलत कदमहरु प्रोत्साहित हुन सक्छन्। अल्पमत पनि सत्य हुनसक्छ भन्ने मान्यताका आधारमा त्यसलाई सम्मानजनक तरिकाले पार्टीमा छलफल चलाउने पद्धतिको विकास र त्यस्तो वातावरणको निर्माण पार्टीले गर्न सके कुनै कमरेडलाई पनि आफ्नो भिन्नमत अनुसारको अलग पार्टी बनाई हाल्नु पर्ने आवश्यकताको महसुस हुँदैन र मत अनुसारका अलग-अलग पार्टी बन्दैनन्। पार्टीमा यो मान्यतालाई स्थापित गर्न सकियो भने पार्टीलाई अनावश्यक फुटबाट बचाउन सकिन्छ र पार्टीभित्र विचारमा संझौता पनि गर्नु पर्दैन। वस्तुतः पार्टीमा विचारको विकास गर्ने, पार्टीलाई सांच्चिकै विपरीतहरुको एकत्व बनाउने र एकताको नाममा संझौता र फुटबाट बचाउने विधि यही हो। यसलाई गहिरो गरी आत्मसात गर्नु पर्दछ र गंभीरतापूर्वक पार्टीमा लागू गर्नु पर्दछ।

**» *माओवादी आन्दोलनमा जे जस्ता विचलनहरु देखा परे र आन्दोलन जसरी गोलचक्करमा फस्न पुग्यो अर्थात् प्रतिक्रान्ति हावी हुन पुग्यो, त्यसो हुनुमा विगतमा गरिएको संगठनात्मक अभ्यासमा रहेको त्रुटी त जिम्मेवार छैन ?***

वैचारिक तथा राजनीतिक कार्यदिशा सही वा गलत हुनुले सबै कुराको निर्धारण गर्दछ। माओको यो भनाई आज पनि त्यत्ति कै सही छ। नेपालमा प्रतिक्रान्ति हावी हुन पुग्नुको मूल कारण तात्कालिन नेकपा (माओवादी)ले ग्रहण गरेको गलत विचार र तदनुसारको दक्षिणपंथी कार्यदिशा नै हो, यसमा कुनै शंका छैन। तर खास-खास परिस्थितिमा कार्यशैलीले पनि कार्यदिशालाई गंभीर प्रभाव पार्दछ। त्यसकारण, माओवादी आन्दोलनको विगतको संगठनात्मक अभ्यासमा रहेको त्रुटी पनि नेपालमा प्रतिक्रान्ति हावी हुनुमा एकहदसम्म जिम्मेवार रहेको छ, यसमा कुनै शंका छैन।

**» *अन्तमा, छुटेका थप विषय छन् भने राखिदिनुस् न।***

नेपालमा टुट-फुटको प्रक्रियाबाट माओवादी आन्दोलन निकै कमजोर बन्न गएको स्थितिमा तपाईले आफ्नो पत्रिका मार्फत् यो बहसलाई अगाडि ल्याएर संगठनात्मक समस्याको समाधान गर्न सहयोग गर्नु भएकोमा तपाई, तपाईको पत्रिका र सम्पूर्ण पत्रिका परिवारप्रति धन्यवाद दिन चाहन्छु। अन्तमा, यो पत्रिकाले क्रान्तिकारीहरुलाई मालेमावादको पक्षमा गोलबन्द गरेर क्रान्तिलाई सहयोग गर्न सफल हुनेछ भन्दै यसको उत्तरोत्तर प्रगतिको कामना गर्दछु।

# सर्वहारावर्गीय क्रान्तिकारीहरुको दायित्व


लेनिनले भन्नुहुन्थ्यो, 'सारसङ्ग्रहवादीहरु या त असंस्कृत मानिस हुन् या त घूर्त ।' ' मार्क्सवादलाई अवसरवाद बनाउने जालसाँजीअन्तर्गत सारसंग्रहवादलाई द्वन्दवाद बनाउने जालसाँजीद्वारा जनसमुदायलाई धोका दिनु ज्यादै सजिलो हुन्छ।' ठीक यसैकारण आजको युगमा तमाम प्रकारका प्रतिक्रियावादी तथा अवसरवादीहरुले मार्क्सवादका विरुद्ध संघर्ष गर्दा सारसंङ्ग्रहवादको उपयोग गर्दै आएका छन् । र, यसबारे सच्चा मार्क्सवादीहरु अत्यधिक सतर्क रहन जरुरी छ। नेपालको कम्युनिष्ट आन्दोलनमा लामो समयदेखि दार्शनिक चिन्तन प्रणालीका रुपमा सारसङ्ग्रहवादी चिन्तनलाई आत्मसात गर्दै आएको कुतर्कवाद, वितण्डतावाद र खिचडीवादका आधारलाई नै अहिलेका आफूलाई अब्बल दर्जाका क्रान्तिकारी हुँ भन्नेहरुले पनि नेपाली समाजको विश्लेषण गर्ने र नेपाली क्रान्तिकारीहरुलाई होच्याउने र प्रतिक्रियावादीहरुलाई फाइदा पुग्ने कार्य गर्दै हिडेका छन् ।

हिजो आज यहाँ आफूलाई विशुद्ध मालेमावादी हुनुको नाउँमा अत्यन्तै घृणित तथा दुःसाहसिक कामकुरोमा जोडतोडका साथ जुझ्दै मार्क्सवादको दार्शनिक आधारको संशोधन गर्ने प्रयासहरु संगै क्रान्तिकारी कम्युनिष्ट पार्टीको सैद्धान्तिक धरातल मार्क्सवाद-लेनिनवाद-माओवादी अडान र दृष्टिकोणलाई समष्टिगत रुपमा धुजा धुजा पार्ने कुचेष्टा गर्दै हिडेका छन् । त्यसो त हिजोका दिनमा पनि यसरी नै मार्क्सवादको सैद्धान्तिक धरातललाई ध्वस्त पार्ने कुचेस्टाका साथ लेनिनका विरुद्ध काउत्स्की र स्तालिनका विरुद्ध ट्राटस्की धुवाँधार रुपमा लागेका थिए नै । तर विज्ञानमा आधारित मार्क्सवादप्रति लेनिनको अडान र विकसित दृष्टिकोण तथा स्टालिनको सैद्धान्तिक सुझबुझ र मार्क्सवादप्रति समर्पित जुझारु क्रान्तिकारी आचरण सामु त्यो प्रवृत्ति नतमस्तक हुनु पऱ्यो । त्यसैगरि नेपालमा पनि सर्वहारावादी जन-क्रान्ति विरुद्ध नानाभाँतिका कुरा गर्दै सच्चा क्रान्तिकारी धाराका हुँ भनी दावी गर्नेहरु कसरी प्रतिगामी संविधानको कार्यान्वयन गर्न, नयाँ शक्ति र माओवादी केन्द्रको नाममा वर्गदुश्मनी कित्तामा बिलिन हुन पुगे। घटनाक्रम छर्लङ्गै छन् ।

आफूलाई सच्चा क्रान्तिकारीका पर्यायवाची सम्झिनु हुने क.बादलको लेख महिमा (साप्ताहिक) वर्ष ३३, अंक ६, ०७३ वैशाख ९ गते प्रकाशित ' इतिहासले फेरि माओवादीलाई एकै ठाउँमा ल्याउन आदेश दिएको छ ।' मा उहाँ लेख्नुहुन्छ 'सिद्धान्तको आडमा एकताको विरोध गर्छ । सिद्धान्त छोड्न सकिन्दैन, आत्मसर्मपण गर्न सकिन्दैन भन्ने नाममा एकताको विरोध गरिरहेको छ ।' आश्चर्य लाग्छ, बिना जग घर ठड्याउन सकिन्छ र ? पक्कै पनि सकिन्न । मेरुदण्डबिना मानिस खडा हुन सक्छ ? सक्दैन । प्राणविनाको मान्छे निर्जिव हुन्छ, जीवित हुन सक्दैन । तर उक्त लेखनको आसय अनुरुप भन्नुपर्दा मानिस जीवित त हुन सक्छ, हिजो आज वैज्ञानिकहरुले आविस्कार गरेको 'रोर्वट' जस्तो । जस्लाई संचालित गर्न रिमोट कण्ट्रोलको आवश्यकता पर्दछ । यसरी पार्टी एकताको नाउँमा क्रान्तिकारी पार्टीलाई 'रोबर्ट'मा रुपान्तिरित गर्न गतिछाडा तालले कडा परिश्रम गर्दै गरेका थिए। उल्लेखित कुरो के हो भने ल्पेखानोवले पनि आफ्नो लेख 'अधिभूतवादी' मा लेख्नु भएको थियो 'पार्टीमा फुट हुनुभन्दा त बरु आफ्नै टाउकोमा गोलि हान्नु वेश हो । उहाँले 'राजनीतिमा स्पष्टवादी, अनुचित किसिमले कटु तथा हठी बन्नु ठीक होइन 'फुटबाट बच्नका लागि कहिलेकाहीं संशोधनवादी, ढुलमुल र आरजकतावादीहरुलाई छुट दिनु आवश्यक हुन्छ । यसरी क्रान्तिविरोधी सोचका साथ पार्टी एकताको नाउँमा क्रान्तिकारी पार्टीलाई 'रोवर्ट'मा रुपान्तरित गर्न गतिछाडा तालले मरिहत्ते गर्न पछि परेका थिएनन् । तर, नसकिएपछि आफ्ना दल-बलसहित आफै बाहिरिन पुगेका थिए।

फोहर गर्नेलाई भन्दा देख्नेलाई लाज भने जस्तै त्यहिं लेखमा वहाँले लेख्नुहुन्छ- मालेमा मान्नेहरु नै सच्चा सर्वहारावादी हुन् । फेरि वहाँले नै यससंगै अर्को हरफमा लेख्नुहुन्छ, मार्क्सवाद मान्ने, चाहिँ सच्चा सर्वहारावादी हुन सक्दैन। लेनिनवाद मान्ने पनि सच्चा सर्वहारावादी हुन सक्दैन । आजको सर्वोच्च विकास भनेको माओवाद हो। त्यसकारण ड्यासमा छ 'मार्क्सवाद-लेनिनवाद-माओवाद' यो एउटै हुन सक्दैन। रुपमा एउटै देखिएपछि हामीले ड्यासद्वारा छुट्याएका छौं । यस लेखनले के कुराको संकेट गर्छ भने क. बादल मालेमावादप्रति पुरै अस्पष्ट छन् वा जानाजान मालेमावादलाई ध्वष्त बनाउने दुस्प्रयासकासाथ आजको नयाँ ट्राटस्की काउत्स्कीका सच्चा चेला बन्न कडा कसरतमा उत्रदै हुनुहुन्छ । माउविना चल्लाको परिकल्पना गर्नु जस्तो मुर्ख्याईपूर्ण कुरो अरु के हुन सक्छ ? दुनियाँमा यदि मार्क्सवाद नहुँदो हो त लेनिनवादको जन्म हुने थिएन, मार्क्सवादको विकसित रुप (सार) नै लेनिनवाद हो । त्यसैगरि मार्क्सवाद-लेनिनवादको अर्को विकसित रुप (सार) हो, माओवाद । अर्थात् आजको यो नै मार्क्सवाद विकासको समष्टिगत रुप (सार) मार्क्सवाद-लेनिनवाद-माओवाद हो।

त्यसो त नेपालको माओवादी आन्दोलनभित्र मार्क्सवाद मान्ने चाहिँ सच्चा सर्वहारावादी हुन सक्दैन भन्ने जस्ता विचार प्रकट भएको यो नै पहिलो पटक चाहिँ होइन । यो भन्दा पहिला माओवादी आन्दोलनभित्रकै कतिपय नेताले भन्न थालेका थिए, अब मार्क्सवादमात्रले पुग्दैन, त्यसमा केही मिसाउनुपर्छ। वहाँहरुको भनाई (सोच) मार्क्सवादमा नवउदारवादलाई घुलमेल गरि नयाँ विचार बनाउने र त्यसै आधारमा नयाँ शक्तिको निर्माण गर्ने कुरा उठाएकाहरु अन्ततः ती नेताहरु कम्युनिष्ट आन्दोलन, कम्युनिष्ट पार्टी र मार्क्सवादकै परित्याग गरी नयाँ शक्ति निर्माण गरेको घोषणा गर्न पुगे जस्तै गरी पछिल्लो जमात (बादल समूह) पनि माओवादी केन्द्र निर्माणको नाउँमा सर्वहारावादी क्रान्तिविरोधी खेमामा बिलिन हुनपुगेका थिए।


पुष्पगोपाल श्रेष्ठ

**राष्ट्रिय स्वाधीनता, जनवाद, शान्ति र समृद्धि आजका प्रमुख राजनैतिक आवश्यकताहरु हुन् । यी चार कुराको प्राप्तिका लागि संघर्ष गर्ने राजनैतिक पार्टीले मात्र नेपाली जनताको इच्छालाई सम्बोधन गर्न सक्छ ।**

नीति, सिद्धान्त, कार्यदिशा र कार्ययोजना स्पष्ट हुनुका साथसाथै मजवुत हुदाँहुदैँ पनि राष्ट्र र अन्तर ष्ट्रिय रुपमा सिर्जना हुदैं आएको क्रान्तिकारी माहौल अनुकूल वातावरणलाई चुम्न सक्ने हाम्रो आत्मगत अवस्था सुदृढ हुन नसकिरहनु पछाडिको मूल कारक तत्व भनेको हिजोको त्यो गलत सोच र गलत मानसिकताको ह्याङ्वभरबाट छुटकारा पाउन नसक्नु नै हो। अर्को अर्थमा भन्ने हो भने उद्दारवाद अवसरवाद कै प्रकट रुप हो र मार्क्सवाद-लेनिनवाद-माओवादसित यसको आधारभूत फाटो छ । यसको रुप नकारात्मक हुन्छ र वस्तुगत रुपमा यसले शत्रुलाई सहायता गर्ने गर्छ । त्यसैले हाम्रो माझमा हुने उदारवादको बचाउ कार्यलाई शत्रुले स्वागत गर्छ। उदारवादको प्रकृति यस खालको हुनाले हाम्रा क्रान्तिकारी पङक्तिहरुमा यसलाई खुट्टा टेक्ने ठाउँ दिनुहुदैनथ्यो, दिँदै आयौं । हामीबाट हुदैं आएको यस्तै कमि-कमजोरीको फाइदा उठाउदै शत्रु पक्षले समय अनुकूल मिलाई क्रान्तिकारी पार्टीलाई कमजोर पार्न बेलाबखत कुनै न कुनै प्रकारले पार्टी टुक्राउन सफलता प्राप्त गर्दै आएका छन् भन्ने कुरा हामी सबैले अत्यन्तै महत्वकासाथ हृदयंगम गर्न जरुरी छ । अन्यथा यस्तो दुःखद दुर्घटना फेरि फेरि नहोला भन्न सकिन्न ।

अध्यक्ष किरण भन्नुहुन्थ्यो -'आज क्रान्तिका लागि एउटा नयाँ ढङ्गको पार्टी चाहिएको छ । यसप्रकारको पार्टी निर्माण गर्नका लागि सर्वहारावर्गको फलामे अनुशासन एक आवश्यकता हो ।' निश्चितै रुपमा सच्चा क्रान्तिकारी पार्टी सैद्धान्तिक रुपले परिपक्व भएर मात्र पुग्दैन, सोहि अनुरुप पार्टीको अरु अङ्ग प्रत्याङ्ग पनि सुदृढ र सुसंगठित हुनु नितान्त जरुरी छ । विशेषतः पार्टीको संगठनात्मक संरचना मालेमावादी सैद्धान्तिक मूल्य र मान्यता अनुरुप सर्वहारावर्गीयकरण हुनुका साथै संगठनभित्र पुरै फलामे अनुशासनयुक्त हुनु पनि त्यतिकै आवश्यक छ। न कि त्यो नेपाल कम्युनिष्ट पार्टी स्थापनाकालदेखि पार्टीको संगठनात्मक स्वरुप वर्तमानसम्म पनि हुवहु उही मध्यमवर्गिय तथा भन्नु नै पर्दा मुस्किलले निम्न मध्यमवर्गिय गोलचक्करमा अल्झेर, खासमा भन्नुपर्दा कम्युनिष्ट पार्टीको मार्गदर्शक सिद्धान्तलाई नै अनादर हुने गरि क्रान्तिकारी मालेमावादी कम्युनिष्ट पार्टीका हामी क्रान्तिकारी हौं भनी हिड्नु किमार्थ शोभनीय हुन सक्दैन । मालेमावादी मार्गदार्शक सिद्धान्तलाई आत्मसात गरी हरहमेशा दिलोज्यानले जनताको सेवामा समर्पित भई परिआएको बेला शत्रु विरुद्धको लडाईमा मृत्युलाई पनि हाँक दिने शूरवीर छवि नै सच्चा क्रान्तिकारीहरुको चिनारी हुनु पर्दछ र, हो ।

उत्पीडितहरुको राष्ट्रियतालाई सम्बोधन नगरिकन राष्ट्रिय एकता हुँदैन, राष्ट्रिय एकता नभइकन राष्ट्रिय स्वाधीनताको रक्षा हुँदैन र हुन सक्दैन। वर्तमान मुलुकको वस्तुस्थिति एकातिर वैदेशिक हस्तक्षेप विरुद्ध लड्नुपर्ने बेला छ भने अर्कोतर्फ असफल शीर्षस्त नेता भनाउदाँहरुको ती नै संसदवादीहरु कै पार्टी नेतृत्वमा हिजो आज राष्ट्रिय सहमतीय सरकार गठन गर्ने भन्ने जस्ता अर्थहिन हौवा विरुद्ध जनतालाई सचेत तुल्याई राष्ट्रिय स्वाधीनताको रक्षा, जनतन्त्र र जनजीविकालगायत अन्य राष्ट्रिय समस्या समाधान गर्न देशमा आमूल परिवर्तनको झण्डा उँचो पारी क्रान्तिकारी अभियान चर्काउन नितान्त जरुरी हुन आएको छ। र, देशलाई नङ्ग्याई जनतालाई धोका दिँदै ठगेर हिड्ने नेताहरुलाई क्रान्तिकारी जनआन्दोलनमा ठड्याई आवश्यक दण्ड सजाय दिने आन्दोलन सुरुवात गर्नु अत्यन्तै ढिलो भइसकेको छ।

दक्षिणपन्थी संशोधनवादीहरुले सच्चा मार्क्सवादीहरुमाथि जड्सुत्रवादी भएको आरोप लगाउदैं आफू साच्चैको मौलिकतावादी पक्षधर र सिर्जनशिल भएको दाबी गर्दछन् । परन्तु, अन्ततः उनीहरु क्रान्तिकारीधाराको विरोध गर्दै प्रतिक्रान्तिकारीहरुको संरक्षण तथा सेवा गर्ने काममा व्यस्त हुन पुग्दछन् । जस्तो कि, हालै मात्र वर्गीय दुश्मनहरुको मानसिकता बोकी कुकर्ममा संलग्न रही आएका हाम्रा पूर्व दुष्टमित्रहरु, आफूले लगाई आएका क्रान्तिकारी (नकाव) आफैले चालनपाउने गरि च्यातचुत पारी फालेर प्रतिक्रान्तिको संरक्षण र सम्बर्द्धन गर्ने कामलाई अरु मजवुत पार्न कम्मर कसेर नाउँ मात्रका माओवादी केन्द्र निर्माण गर्न पुगेका थिए। हुन त त्यसमध्ये कतिपय इमान्दार कामरेडहरु त्यति बेला सहि र गलत ठम्याउन नसकी क्रान्ति-विरोधीहरुले सिर्जना गरेको भुलभुलैयामा परी गलत कार्यविधिमा संलग्न हुनपुगेका थिए, जो अहिले पछुताईरहेका पनि होलान् । पछुताएर मात्र केही हुने वाला छैन। यदि आफू गल्तिमा परेको महसुस भएकै हो भने भित्रैदेखि सैद्धान्तिक रुपमा राजनैतिक इमान्दारिताको जगमा उभिएर आत्मसमीक्षा गरी आत्माआलोचनाकासाथ सहि बाटो खोतली, गलत कार्यबाट माथि उठी सहि काम कुरोमा लाग्ने हिम्मत जुटाई अगाडि बढ्न सक्नु पर्दछ।

नेपाली जनतालाई केही आधारभूत कुराको प्रत्याभूति चाहिएको छ। राष्ट्रिय स्वाधीनता, जनवाद, शान्ति र समृद्धि आजका प्रमुख राजनैतिक आवश्यकताहरु हुन् । यी चार कुराको प्राप्तिका लागि संघर्ष गर्ने राजनैतिक पार्टीले मात्र नेपाली जनताको इच्छालाई सम्बोधन गर्न सक्छ। हिजोका दिनमा हामीले यी र यस्तै अन्य राष्ट्रिय सवालहरुलाई आजको आवश्यकता अनुरुप देशमा फेरबदल ल्याउन, अत्याधुनिक हतियारको घेराभित्र सूरक्षित रहिआएका ती नेपाली अनुहारका विदेशी दलाल सत्तासिनहरुको विरुद्ध हतियार उठाएका थियौं । र, उक्त हतियारवद्ध ऐतिहासिक जनयुद्ध आफ्नो लक्ष र उद्देश्य नजदिक करिब करिब पुगिसकेको स्थितिलाई जनयुद्ध हाँकी आएका प्रमुख नेतृत्वले गद्दारी गरी पार्टी, देश र जनतालाई धोका दिई जनयुद्धलाई पछिल्तिर धकेलिएको थियो। आज फेरि त्यहि नयाँ जनवादी क्रान्तिलाई नयाँ जोश र जाँगरका साथ नयाँ टेकनिक (तरिका) र राजनैतिक सुझबुझकासाथ अगाडि बढाई देशको आवश्यकता र जनताको चाहना परिपुर्ति गर्ने गहनतम् जिम्मेवारी हाम्रै काँधमा आइपरेको छ र यस जिम्मेवारीलाई सफलिभूत पार्नु आजको क्रान्तिकारी दायित्व हो।

---

◆ झर्रोटर्रो कैलुब्राह

## उखानप्रसादले पदबाट हात धुँदाको गथासो

**'यस ग्यालरीका सम्मानननीय मुखिया महोदय** !

म आज मेरा मित्रको चित्त बुझाउन नसकेकोमा धेरै दुःखी भएको छु। उहाँको चित्त नराम्रोसँग फाट्यो। मैले जतिपटक सिउन खोज्छु फेरी नयाँ नयाँ ठाउँबाट फाटेर आउँछ। दिनभरी सिउँछु रातभरी फाट्छ। यसपाली त मुटु कलेजो नै फाट्यो केले सिउने केले टाल्ने, म त हैरानीमा परेँ । गिरिजा बाबुले गुप्तबासबाट राजधानीको सहरमा ल्याएर पाँचतारेका चौरासी व्यञ्जनको भोगविलासमा डुबाएकालाई मैले सोही खुराकको निरन्तरता दिन नसेकोमा मलाई अलिकता खिन्नता महसुस भएको छ । मुल कानूनको पोको पार्ने सहमती हुँदा सुशिलदा, मेरा मित्र, म र मोरङका महतौंका बिचमा भएको सोह्रबुँदे भद्र सहमतीलाई गुजराती भैयाले बिथोलिदिए र सुशिलदालाई नराम्रोसँग बटारे। उहाँ बिर्ताको प्रथम पुरुष हुने अबसरबाट चुक्नुभयो। र, त्यो चान्स मेरो आफ्नै दिलका अनन्य मित्रले पाउनु भयो। अनि हामीले हाम्रा बाबु बराजुले जोगाइदिएको बिर्ताको भागबण्डा भद्र सहमती अनुसार लाउन सकेनौं । त्यसपछि म, मेरा मित्र, महतौं, पञ्चायतका जिम्माल, उखानबहादुर र ससाना भुरेटाकुरे मुखियाहरू मिलेर नयाँ सहमती गर्न बाध्य भयौं। हाम्रो सहमतीबाट गुजराती भैया निकै नाराज भए । जेजस्तो भए पनि उनी हाम्रा छिमेकी हुन्, मर्दा पर्दा चाहिने, रोटीबेटीको सम्बन्ध भएका साथी । तर पनि नचाहँदा नचाहँदै हामीले उनलाई केही समय तिरस्कार गर्नै पऱ्यो । त्यसको बदला उनले नराम्रोसँग लिए र हाम्रा रैतीहरूले छसात महिना नपाउनु दुःख पाए। हाम्रा रैतीहरूले धैर्यतापुर्वक दुःख खेपे तर हामी झुकेनौं । हामी नझुक्दा हाम्रा रैतीहरूले हामीलाई स्यावासी दिए । लौ है अब त सुप्रिमो र उखानप्रसाद मिलेर जानु पर्छ भने । विगतमा बिग्रिएको हामी दुबैको छवि सुध्रिन थालेको थियो। जे भए पनि लाटासोझा रैतीहरूले हाम्रो असली अनुहार देख्न नसकेकोमा हामीलाई फाइदै भएको थियो। मेरा मित्रले पनि धेरै पटक मसँग अब त हाम्रो विचार र लाईनका धेरै कुरा मिलेको छ हामी एउटै परिवारमा जोडिन पनि सक्छौं भनेर भन्नु हुन्थ्यो। म कति खुसी थिएँ। ढिलै भएपनि मित्रको बुद्धि फिरेछ भन्ने लागेको थियो । उहाँ त पिँध नभाको लोटा पो रहेछ । मैले त के सक्थैं, हजार जिब्रा भएका शेषनागले पनि उहाँलाई चिन्न नसक्ने रहेछ। यति छिटोछिटो रङ बदल्ने छेपारो त संसारमै छैन होला। अझ उहाँमा त आवाज पनि बदल्न सक्ने क्षमता छ । बिहान उठेदेखि सुत्नेबेलासम्म कतिपटक आवाज फेर्नुहुन्छ त्यो त उहाँ आफैले सम्झनै सक्नु हुन्न । त्यत्रो क्षमता छ। पच्चिसबर्से गुप्तबासले त उहाँलाई अद्भुत क्षमताको विकास गराएछ। विचरा उहाँका सोझा गुरुले केको चिन्न सक्थे। नेपालमा नयाँ अद्भुत छेपारो विकासित भएको कुरा बरू गिनिज बुकमा पो लेखाउनु पर्ने भयो । यो पनि नेपालको चिनारी हो। बधाई छ मेरा मित्रलाई।

**मुखिया महोदय,**

हाम्रो पिकनिक थलोको ग्यालरी बैठकमा आएर गुजराती भैयाले पानी र जवानी पाहाडमा रहनै सक्तैन भनेर भन्दा हामी सबैले तालीको गडगडाहट स्वरबाट समर्थन गरेकै त थियौं । त्यतिबेला मेरा मित्र, डाक्टरसाव, महतौं, महिषपालहरू, पञ्चायतका मुखिया र जिम्मालहरू तथा मेरै कोटरीका पुराना मुखियाहरूले कसरी मच्चि मच्चि ताली ठोक्नुभएको थियो । मलाई राम्रोसँग याद छ । मलाई भने त्यतिबेला उनको कुरा त्यति मनासिव लागेको थिएन। जे भएपनि हामीले उनलाई भगवान ठानेका थियौं । साक्षात भगवान हाम्रो देवभूमिमा नयाँ गुजराती अवतार लिएर आए भन्ने ठान्यौं । सबैले ताली ठोकेर स्वागत गऱ्यौं । उनले हामीलाई फकाउँदै फकाउँदै आफ्नो कमण्डलुभित्र हाल्न थालेका थिए । हामी विच्किएर उछिट्टियौं। मेरा मित्रले टुँडीखेलबाट औंला ठड्याएर उनलाई हाँक दिनुभयो। ऐले त मेरा मित्र लुथ्रुक्क परेर उनको लगौंभित्रै छिर्नु भएछ। मैले त पत्तै पाइन।

तपाइँहरूले ठान्नु भएको होला कि यसले आफ्नो पदमा लिसो टाँस्सिएझैं टाँस्सिन्छ र हामीलाई भाग खान दिँदैन भन्ने। म त्यस्तो जुका होइन नुन टिमुर लाएर निकाल्नु पर्ने। मलाई बिर्ताको मुखिया बनाउँदा मैले प्राप्त गरेको गणितको अङ्क अहिले मसँग छैन। सबै भन्दा नजिकको विचार पनि मिल्दै गएका मित्रले मुखैमा आची गरेर हिँडेपछि म हिसाबमा फैल भएँ। मलाई गणित विषयको व्याक त लागि सक्यो। आज यो ग्यालरीमा आउँदा त झन् महतौंले समेत लात्ति हानेर हिँडे। उनको त जन्मजात गुण नै त्यही थियो, आफ्नो गुण देखाउने नै भए। उनी त जताजता बाहुन बाजे उतै उतै फूलपाती चढाउने महतौं परे । जताबाट ठूलो प्रसादको भाग पाइन्छ उतै खान दौडने मान्छे। अब फेरी उताको भतेरमा भाग खोज्न दौडिए। यो सबै घटनाक्रमबाट मैले के निर्णयमा पुगेँ भने मैले अब मित्रहरूलाई मुखिया बन्ने बाटो खोलिदिनु पर्छ। त्यसैले आजै मैले बिर्ताका प्रथम मुखियालाई भेटेर पदबाट राजिनामा दिएर आइसकेको छु। अब तपाइँहरूले दिपावली गरेर जस्न मनाए हुन्छ। उता गुजराती मुखियाका मुलुकमा मेरो बहिर्गमनको जानकारी पाएर जस्न मनाइरहेका छन् भन्ने मलाई खबर प्राप्त भएको छ। मलाई पक्का कुरा के थाहा थियो भने मेरा मित्र मसँग सँधैभरी सहकार्यमा टिक्न सक्दैनन् भन्ने कुरा । किनकि उहाँ आफ्नो बुद्धिले चल्ने मान्छे होइन । मलाई मेरा मित्रको जस्तो एकैछिनमा टाउकाको पारो तताएर कुरा गर्न पनि आउँदैन। उहाँ त भद्र मान्छे पर्नु भो। यो मेरो भनाई होइन। उहाँ आफैँले म त भद्र मान्छे हुँ भन्दै प्रचार गर्दै हिँडेको भएर भनेको हुँ। भद्र मान्छेको पारो सिलबरले बनेको हुन्छ, छिनछिनमै तातिने र लुथ्रुक्क परेर सेलाउने गर्छ। भद्र मान्छेले सबैसँग भद्र सहमती पनि गरिरहन्छ। अहिले उहाँले चारतारेका डेउडापतिसँग भद्र सहमती गर्नु भएको छ। विगतमा पनि सिलगुढी, पटना, पञ्जाव, दिल्ली, लखनऊ, सिङगापुर, हङकङतिर, पनि यता हाम्रो बिर्तापट्टीका र उता गुजरातीका बिर्तापट्टीका गुप्त र खुला सबै तहका मुखियाहरूसँग भद्र सहमती गरेका थुप्रै उदाहरण छन् । कहिले आफ्नै कोटरीका डाक्टर, वैद्य, झाँक्रीधामी र आकासमा लाग्ने केकेजाती कुइरो, बादल, बर्सा आदि इत्यादिसँग पनि बेलाबेला भद्र सहमती गरेर पारङ्गत नै हुनुभएको छ। त्यसैले यसपाली गुजराती मुखियाको आदेसमा डेउडापतिसँग गरेको भद्र सहमतीले मेरा मित्रको कल्याण गरोस् । जय भोलेनाथ।

१६ साउन २०७३

kailubraha73@gmail.com

# अमेरिकामा राष्ट्रपति चुनावको सरगर्मी

विनोद 'सहयात्री'

अमेरिकामा आगामी नोभेम्बरमा हुने राष्ट्रपतिको निर्वाचनको सरगर्मी हवात्तै बढेको छ। डेमोक्र्याटिकको तर्फबाट उम्मेदवार बनेकी पूर्व प्रथम महिला हिलारी क्लिन्टन र रिपब्लिकनका तर्फबाट उम्मेदवार बनेका डोनाल्ड ट्रम्पका बीच आ-आफ्नो पक्षमा चुनावी माहौल बनाउन पूरै शक्तिका साथ लागि परेका छन्। आगामी नोभेम्बर ८ मा हुने राष्ट्रपतिको निर्वाचनका उम्मेदवारको पक्षमा माहौल बनाउन वर्तमान राष्ट्रपति बराक ओबामा पनि लागिपरेका छन्। उनले हिलारी क्लिन्टनलाई समर्थन गरेका छन् मात्रै होइन उनले हिलारी क्लिन्टन आफू र पूर्व राष्ट्रपति बिल क्लिन्टनभन्दा पनि योग्य रहेको भन्दै प्रशंसा गरेका छन्। उनले राष्ट्रपतिका अर्का उम्मेदवार डोनाल्ड ट्रम्पसँग कुनै योजना नभएको र उनी राष्ट्रपतिको लागि अयोग्य रहेको बताएका छन्। यसको जवाफमा डोनाल्ड ट्रम्पले भनेका छन्, "लाखौं मानिस हिंसा र गरिबीको चपेटामा पिल्सिरहेका बेला आफूलाई मात्र महान् सम्झनु मूर्खता हो।" ट्रम्पले ओबामालाई लक्षित गर्दै ट्वीट गरेका छन्। ट्रम्पले डेमोक्रेटिक र हिलारीको दृष्टिकोणले आम अमेरिकीको कल्याण नहुने उनले बताएका छन्।

**हिलारीको प्रचार अभियानमा ह्याक**

अमरीकी मीडिया रिपोर्टका अनुसार डेमोक्रेटिक पार्टीको तर्फबाट उम्मेदवार बनेकी हिलेरी क्लिन्टनको चुनावी अभियानसँग सम्बन्धित जानकारीहरु ह्याक गरिएको छ। रिपार्ट अनुसार क्लिन्टनका विरुद्ध ठूलो साइबर हमाला भएको छ। समाचार एजेन्सीहरुमा भनिएको छ कि यो हमलामा रुसी सरकारका लागि काम गर्ने एजेन्टलाई जिम्मेवार ठहऱ्याइएको छ। यस्तो दावी गरिएको छ कि रुस अमेरिकामा हुने राष्ट्रपतिको चुनावलाई प्रभावित तुल्याउने कोशिस गरिरहेको छ। तर रुसी सरकारले यो साइबर हमलामा कुनै पनि हाथ नरहेको जनाएको छ। यस्तो आरोपलाई रुसले 'द्वेष भरिएको रुस विरोधी' भन्दै यस आरोपको खण्डन र निन्दा गरेको छ।

यसैबीच, डेमोक्र्याटिकको फिलाडेल्फियामा भएको महाधिवेशनलाई राष्ट्रपति ओबामाले सम्बोधन गर्नु केही घन्टाअगाडि विकिलिक्सले २९ वटा रेकर्ड चुहावट गरेको गऱ्यो। महाधिवेशनमा डेमोक्र्याटिक पार्टीभित्र एकता कायम भएको र हिलारी सर्वसम्मत रूपमा सो पार्टीका तर्फबाट राष्ट्रपतिको उम्मेदवार घोषणा भएको भोलिपल्ट पार्टीभित्रका गोप्य रेकर्ड सार्वजनिक भएका थिए। तर, विकिलिक्सले कुनै विस्फोट खुलासा भने गरेको छैन। प्राइमरी निर्वाचन अभियानमा केही संवेदनशील राज्यमा पार्टीले स्यान्डर्सलाई धर्मविरोधी व्यक्तिका रूपमा चित्रण गर्ने प्रयास गरेको विकिलिक्सले जनाएको छ। सो चुहावटपछि पार्टीकी प्रमुख डेबी वासरम्यान सुल्जले डेमोक्र्याटिक नेसनल कमिटीको अध्यक्षबाट राजीनामा दिने घोषणा गरेकी छिन्। चुहावटअनुसार हिलारीकी एक समर्थकले एक मिनेट लामो भ्वाइस मेलमा पार्टीको मूल धारले स्यान्डर्सलाई समर्थन गरेको उल्लेख छ। 'डेमोक्र्याटिक पार्टीबाट प्रतिस्पर्धा गरिरहेका बर्नी संसारकै खराब व्यक्ति हुन्, तापनि भित्री रूपमा उच्च नेताले उनको समर्थन गरेका छन्,' एक अज्ञात महिलाले भनेको भनाईलाई विकिलिक्सले सार्वजनिक गरेको छ।



**हिलारीको पक्षमा माहौल बनाउँदै ओवामा दम्पति**

फिलाडेल्फियामा भएको डेमोक्र्याटिको महाधिवेशनमा गरिएको आमावा दम्पतिको सम्बोधनले अमेरिकाको चुनावी माहौल हिलारी क्लिन्टनको पक्षमा पारेको अमेरिकाका पत्रकारहरुले जनाएका छन्। विशेषतः मिसेल ओवामाले गरेको भावोत्तेजक भाषणले यस्तो माहौल बनाएको उनीहरुको विश्लेषण छ। मिसेलको भाषणको प्रशंसामा हफिंटन पोस्टका सम्पादक हार्वर्ड फाइनमेनले ट्विट गरे, 'हिलारी क्लिन्टन उम्मेदवार बनेपछि सबैभन्दा ठूलो सहयोग यही भाषणले पुऱ्याएको छ।' त्यस्तै, सिएनएनका पत्रकार डन लेमनले लेखे, 'मिसेलको भाषण शक्तिशाली छ, आँसु आयो।' वासिंटन पोस्टका पत्रकार इजे डियोनले लेखे, 'मिसेलको भाषण टर्निङ प्वाइन्ट हो। डेमोक्रेटिक पार्टीको माहोल नै अब फेरिएको छ।'

**हिलारी क्लिन्टनको विगत**

६७ वर्षीय हिलारीले राष्ट्रपति बाराक ओबामाको प्रथम कार्यकालमा सन् २००९ मा विदेशमन्त्रीको भूमिका निभाइन्। ओबामा पुनः राष्ट्रपतिमा निर्वाचित भएपछि भने उनले विदेशमन्त्रीबाट राजीनामा दिएकी थिइन्। यसअगाडि सन् २००८ मा राष्ट्रपतिको उम्मेदवारमा प्राइमरी निर्वाचनमा ओबामासँग पराजित भएकी थिइन्। सन् १९४७ मा सिकागोमा जन्मिएकी हिलारीले सन् १९७३ मा याले ल स्कुलबाट स्नातक गरेकी छिन्। उनको सन् १९७५ मा बिल क्लिन्टनससँग विवाह भएको थियो। उनी सन् २००० र २००६ मा न्युयोर्कबाट सिनेटरमा विजयी भएकी थिइन्। बिल क्लिन्टन अर्कान्सस राज्यको गभर्नर भएपछि उनी राजनीतिक रूपमा सक्रिय हुन थालेकी हुन्। प्रथम महिलाको रूपमा हिलारीले महिला अधिकार र विश्वव्यापी स्वास्थ्य उपचारका बारेमा खुलेर वकालत गरिन्। बिल क्लिन्टनको दोस्रो कार्यकालमा उनी पनि विवादमा तानिइन्। मोनिका लिविनस्की काण्डमा हिलारीले बिल क्लिन्टनको बचाउ गर्दै बिलको आलोचना गर्नेको विरोध गरेकी थिइन्। विदेशमन्त्रीका रूपमा आफ्नो चारवर्षे कार्यकालमा हिलारीले एक सय १२ देशको भ्रमण गरिन्। उनको कार्यकालमा अमेरिकाले सन् २०११ मा लिबियामाथि सैन्य हस्तक्षेप गरेको थियो। सन् २०१२ मा बेन्धाजीस्थित कूटनीतिक नियोगमा आक्रमणपछि उनी विवादमा तानिएकी थिइन्। आक्रमणमा अमेरिकी राजदूतलगायत दूतावासका केही कर्मचारीको मृत्यु भएको थियो। विदेशमन्त्रीको पद त्याग गरेपछि पनि हिलारी सार्वजनिक कार्यक्रममार्फत सर्वसाधारणमाभ लोकप्रिय बनिन्। विदेशमन्त्री हुँदा कार्यालयीय प्रयोजनका लागि आफ्नो निजी इमेल अकाउन्ट प्रयोग गरेको भन्दै उनको कडा आलोचना भएको थियो। निजी अकाउन्टबाट उनले विदेश मन्त्रालयका ३० हजार बढी इमेल ह्यान्डल गरेकी थिइन्। सन् २०१५ मा विदेश मन्त्रालयले हिलारीले ह्यान्डल गरेका हजारौं इमेल सार्वजनिक गरेको थियो। एफबीआईले हिलारीमाथि आपराधिक अभियोग लगाउन नमिल्ने, तर संवेदनशील सूचनाको चुहावटमा चरम लापरबाही गरेको जनाएको थियो।

**यस्तो थियो मिसेल ओवामाको चर्चित भाषण**

"यसअघि डेमोक्रेटिक पार्टीको महाधिवेशनमा मैले मेरा श्रीमान् किन अमेरिकाको राष्ट्रपति हुन आवश्यक छ भनेर भाषण गरेँ। त्यसरी भाषण गरेको आठ वर्ष बितिसकेछ। मलाई यति छिटो आठ वर्ष बित्यो भन्ने विश्वास गर्न गाह्रो भइरहेको छ। तपाईंहरूलाई सम्झना होला, त्यतिवेला मैले उनको चरित्र र दृढ विश्वास, उनको शालीनता र अनुग्रहबारे बताएकी थिएँ। मैले त्यतिवेला भनेजस्तै अहिले हामी ह्वाइट हाउसमा दैनिक यी लक्षणसहित देशको सेवा गरिरहेका छौँ। आठ वर्षअघि नै मैले छोरीहरूबारे पनि बताएकी थिएँ। उनीहरू हाम्रा मुटुका पनि मुटु हुन् भनेकी थिएँ, हाम्रो विश्वका केन्द्र हुन् भनेकी थिएँ। र, हामीले ह्वाइट हाउसमा बिताएका यी वर्षमा चुलबुले ती साना नानीहरू जिम्मेवार युवा महिलामा रूपान्तरण भएको हेर्ने खुसी पायौँ। हिउँदका चिसा बिहानमा केवल सात र दश वर्षका हाम्रा छोरीहरू बन्दुक बोकेका बलिष्ठहरूको घेराबन्दीमा गाडीमा चढेको दृश्य म कहिल्यै बिर्सन्नँ। जब म गाडीका सिसाबाट बाहिर हेरिरहेका साना अनुहार देख्थेँ, मैले सोच्न सक्ने एउटै विषय हुन्थ्यो, 'हामीले के गरेका छौं ?' किनकि, त्यस क्षण मैले के महसुस गरेँ भने ह्वाइट हाउसमा हामीले बिताउने समयमा यी के बन्लान् भन्ने आधार तय हुनेछ र यो अनुभवलाई हामीले कसरी व्यवस्थापन गर्नेछौँ भन्ने प्रश्नले उनीहरूलाई या त राम्रो बनाउने थियो अथवा बिगारिदिने थियो। बाराक र मैले हरेक दिने उनीहरूलाई कसरी दिशानिर्देश गर्ने र यो असामान्य जीवनका चुनौतीबाट हाम्रा नानीहरूलाई कसरी बचाउने भनेर सोच्थ्यौँ। हामी उनका बाबुको नागरिकताको बारेमा होस् अथवा उनको आस्थाका बारेमा प्रश्न गर्नेलाई बेवास्ता गर भन्ने प्रेरित गर्थ्यौँ। हामी उनीहरूलाई कसरी टिभीमा आउने सार्वजनिक व्यक्तिले प्रयोग गर्ने घृणायुक्त भाषाले यो देशको भावनाको प्रतिनिधित्व गर्दैन भनेर सम्झाउँथ्यौँ भन्ने पनि यस घडीमा स्मरण गरिरहेकी छु। जब कोही क्रूर हुन्छ अथवा तर्साउँछ भने हामी उसको स्तरमा गिर्नुहुँदैन, बरु झन् माथि उठ्न कोसिस गर्नुपर्छ भनेर प्रेरित गर्ने गरेको पनि सम्झना भइरहेको छ। हामीलाई थाहा छ, हामीले उच्चारण गर्ने हरेक शब्द, हामीले गर्ने हरेक कर्म हाम्रा नानीहरूले हेरिरहेका छन्।

अभिभावकका रूपमा हामी उनीहरूका सबैभन्दा महत्वपूर्ण आदर्शका पात्र हौँ। र, मलाई यो पनि भन्न दिनुस्, बाराक र म हाम्रा राष्ट्रपति र प्रथम महिलाको दायित्वलाई उही ढंगले हेर्छौँ, किनकि हामीलाई थाहा छ हाम्रा शब्द र कर्मले हाम्रा नानीहरूलाई मात्र होइन, यो देशका सबै बालबालिकालाई असर पर्नेछ। ती नानीहरू जो 'मैले तपाईंलाई टिभीमा देखेको थिएँ नि' वा 'मैले स्कुलका लागि तपाईंबारे रिपोर्ट लेखेँ' भन्छन्। म एउटा काला जातिको सानो बच्चोलाई सम्झिरहेकी छु, जसले मेरो श्रीमानलाई आशापूर्ण तरिकाले हेरेको थियो र आश्चर्य व्यक्त गरेको थियो, 'के मेरो कपाल पनि तपाईंको जस्तै छ ?' यो नोभेम्बरमा जब हामी निर्वाचनमा जानेछौँ, हामी यही कुराको निर्णय गर्दै छौँ। हामी डेमोक्रेट वा रिपब्लिकन, बाम वा दक्षिण छनोट गरिरहेका छैनौँ। यो निर्वाचन र हरेक निर्वाचन हाम्रा नानीहरूको आगामी चार वा आठ वर्षको जीवनको आकार बनाउन कसले सत्ता लिनेछ भन्ने निर्णय गर्ने अवसर हो। र, यो निर्वाचनमा एकजना मात्र व्यक्ति छ, जो यो दायित्व निर्वाह गर्न सक्छ, जो अमेरिकाको राष्ट्रपति हुन साँच्चिकै योग्य छ। ती हुन्, हाम्रा मित्र हिलारी क्लिन्टन।"

## आत्मघाती बन्दैछन् अमेरिकाका अराजक बन्दुकहरु !

**एजेन्सी।** बाँकी विश्वलाई प्रजातन्त, मानव अधिकार, सम्बृद्ध जीवनशैलीको निर्यात गर्न खोज्ने अमेरिका बन्दुक पनि निर्यात गर्छ। यो विश्वमा जगजाहेर नै छ। त्यही बन्दुकको तागतमा विश्वलाई आफ्नो काबुमा राख्न खोज्ने अमेरिका आफ्नै देशभित्रका बन्दुकलाई काबुमा राख्न सक्दैन। उसले उपयुक्त कानुनको अभावमा बन्दुकलाई नियन्त्रण गर्न सक्दैन र ऊ बन्दुक काण्डमा हरेकदिन आफ्ना नागरिकहरु मारिएको हेरेर बस्न बाध्य छ।

सन् २०१५ को तथ्याङ्कनुसार त्यो वर्ष मात्रै अमेरिकामा ३ सय ५३ वटा मास सुटिङ (भिडभाँडमा भएको बन्दुककाण्ड) भएका छन् र ति मध्ये ६२ वटा बन्दुककाण्ड वा बन्दुकसम्बन्धी अपराधहरु विद्यालयमा भएका छन्। जीभीएको तथ्याङ्क अनुसार बन्दुकसम्बन्धी अपराधका कारण सन् २०१५ सालमा मात्रै अमेरिकामा १२ हजार २ सय २९ मानिसहरु मारिएका थिए। ती घटनाहरुमा २२ हजार ७ सय २२ मानिसहरु घाइते भएका थिए। अमेरिकाभित्र घट्ने अपराधहरुमध्ये ६० प्रतिसत अपराध बन्दुकसम्बन्धी अपराध हुने गरेको तथ्याङ्कले देखाउँछ। यसैगरी, यूएस डिपार्टमेण्ड अफ जस्टीस् र काउन्सील अफ फरेन अफेयर्सको सन् २००१ देखि सन् २०११ सम्मको तथ्याङ्कलाई हेर्दा औशतमा बर्षेनी १३ हजार ३ सय ८५ मानिसहरु बन्दुकसम्बन्धी घटनामा मारिएका थिए भने ५ सय १७ मानिसहरु मात्रै आतंकवादसम्बन्धी घटना (सन् २००१ को सेप्टेम्बर ११ को घटनाबाहेक)मा मारिएका थिए। यसले आतंकबादबाट भन्दा पनि अमेरिकाको आन्तरिक बन्दुकसम्बन्धी घटनाहरुमा धेरै मानिसहरु मारिएको तथ्यांकले देखाउँछ।

जीभीएकै तथ्याङ्कलाई हेर्ने हो भने अमेरिकामा बन्दुकसम्बन्धी घटना र यसबाट मारिने मानिसहरुको संख्या बढ्दो छ। सन् २०१६ को मध्यसम्मको तथ्याङ्कलाई हेर्दा सन् २०१५ को तथ्याङ्कलाई सन् २०१६ ले उछिन्ने प्रष्टै देखिन्छ। यसबर्षको मध्यतिर (जुन महिनासम्म) आइपुग्दा मात्रै अमेरिकामा २९ हजार ९ सय ४५ बन्दुकसम्बन्धी घटनाहरु घटिसकेका छन्, जसमा ७ हजार ७ सय १७ मानिसहरु मारिएका छन् भने १६ हजार ११ मानिसहरु घाइते भएका छन्। ती घटनाहरुमा ३ सय ४५ जना केटाकेटीहरु (११ बर्षमुनिका) मारिएका छन् भने एक हजार ६ सय ७५ किशोरकिशोरीहरु मारिएका छन्। ती घटनाहरुमा एक सय ८१ प्रहरीहरु पनि मारिएका छन्।




राष्ट्रपतिमा निर्वाचत भएयता अमेरिकी राष्ट्रपति बाराक ओबामाले डेढदर्जन भन्दाबढी भाषण 'मास सुटिङ'को विषयलाई लिएर दिएका छन्। सम्भवतः एउटै विषयमा लगातार भाषण राष्ट्रपति ओबामाले दिएका छन् भने त्यो विषय बन्दुक र बन्दुक नियन्त्रणसम्बन्धी कानुनबारे नै हो। तर, यस्ता घटनाहरुबारे मुकदर्शक भएर बस्नुबाहेक उनीसँग अरु विकल्प छैन।

(न्यूज एजेन्सीहरुको सहयोगमा)

# माओवादी सौन्दर्य दृष्टि

*मार्क्स-एंगेल्सले सौन्दर्य-चिन्तनलाई आदर्शवादको स्वर्गबाट भौतिकवादको धर्तीमा खडा गर्नुभयो र त्यसलाई अधिभूतवादको पञ्जाबाट मुक्त गरेर द्वन्द्ववादी ढंगले समृद्ध पार्नुभयो । यसै विश्वदृष्टिकोणका एक अंगको रुपमा मार्क्सवादी सौन्दर्य सृष्टिको जन्म भयो ।*

चैतन्य

**विकासको पृष्ठभूमि**

माओवादी सौन्दर्य दृष्टि मार्क्सवादी-लेनिनवादी सौन्दर्य दृष्टिको गुणात्मक विकास हो । यसको स्पष्टताका लागि मार्क्सवादी-लेनिनवादी सौन्दर्य चिन्तनबारे संक्षिप्त चर्चा जरुरी छ ।

**(क) मार्क्सवादी सौन्दर्य दृष्टि**

मार्क्स-एंगेल्सले सौन्दर्य चिन्तनलाई जुन नयाँ उँचाइमा पुऱ्याउनुभयो, त्यसका मूल विशेषता यी हुन्-

**पहिलो**, द्वन्द्वात्मक एवम् ऐतिहासिक भौतिकवादी विश्वदृष्टिकोणका आधारमा सौन्दर्य चिन्तनको व्याख्या । उहाँहरुले यो बताउनुभयो कि उत्पादक शक्ति र उत्पादन सम्बन्ध, आधार र उपरीसंरचनाबीच संघर्ष चल्दै जान्छ । यसको परिणाम क्रान्ति हो । राजनीति, धर्म, दर्शन, कानुन, सौन्दर्य कला, सँस्कृतिलगायत विचारधाराका विविध रुप उपरीसंरचनाका अङ्ग हुन् । यी सबको विकास आर्थिक विकासमा आधारित हुन्छ र यिनले एक अर्कोलाई प्रभावित पार्छन् । आफ्नो इतिहास, भाव र विचारका निर्माता स्वयम् मान्छे नै हुन् । वर्गसंघर्षसँगै साहित्य र कला पनि विकसित हुँदै जान्छन् ।

**दोस्रो**, साहित्य र कलाको इतिहासको भौतिकवादी व्याख्या । उहाँहरुले यो भन्नुभयो कि कलाको विकासमा श्रमको महत्वपूर्ण भूमिका रहेको छ । श्रम विभाजनको कारण श्रम र प्रतिभाबीच अलगाऊ पैदा हुन्छ । पुँजीपतिवर्गले सामन्ती काव्यात्मक सम्बन्धको अन्त्य गरेर क्रान्तिकारी भूमिका अवश्यै खेल्यो । परन्तु, त्यसले व्यक्तिको मूल्यलाई विनिमय मूल्य बनाइदियो । लेखक-कलाकारको प्रतिभा भण्डार छिनेर लियो र तिनलाई वेतन भोगी मजदुर बनायो । यसैबीच पुँजीवादी कलाको ह्रास र समाजवादी कलाको विकास हुँदै जान्छ । जब मानिस साम्यवादमा पुग्छन्, त्यो बेला श्रम विभाजनको अन्तसँगै पराधीनता, व्यावसायिक संकुचितता र विशिष्टतामा आधारित प्रतिभाको पनि अन्त हुनेछ । मानिसहरु अरु कामसँगै कलाकारिता पनि गर्नेछन् ।

**तेस्रो**, कला-साहित्यका मूल्य-मान्यताको निर्धारण । उहाँहरुले कला प्रवृत्तिमूलक हुने कुरा बताउँदै उद्देश्यपरकताको सिद्धान्त प्रतिपादन गर्नुभयो । यथार्थवादअन्तर्गत, "विस्तारको सच्चाइका अतिरिक्त प्रतिनिधि परिस्थितिहरुमा प्रतिनिधि चरित्रको पुनःसृजन"१ गरिनुपर्ने कुरामाथि प्रकाश पार्दै कला प्रतिबिम्बनको सिद्धान्तलाई नयाँ उँचाइ प्रदान गर्नुभयो । कला मूल्यको निर्धारण आर्थिक विकास र वर्गसंघर्षको सापेक्षताअनुरुप हुने कुरा बताउँदै समीक्षा सिद्धान्तको मार्क्सवादी जग हाल्नुभयो । उहाँहरुले सौन्दर्यको स्रोत वस्तुलाई मान्दै सौन्दर्य नियमअनुरुप वस्तुको सृष्टि पनि हुने कुरा बताउनुभयो र सौन्दर्यबोधको मार्क्सवादी सिद्धान्त प्रतिपादन गर्नुभयो ।

यसरी सारमा मार्क्स-एंगेल्सले सौन्दर्य-चिन्तनलाई आदर्शवादको स्वर्गबाट भौतिकवादको धर्तीमा खडा गर्नुभयो र त्यसलाई अधिभूतवादको पञ्जाबाट मुक्त गरेर द्वन्द्ववादी ढंगले समृद्ध पार्नुभयो । यसै विश्वदृष्टिकोणका एक अंगको रुपमा मार्क्सवादी सौन्दर्य सृष्टिको जन्म भयो । यसैअनुरुप उहाँहरुले कलाको इतिहासको भौतिकवादी व्याख्या गर्नुभयो र यथार्थवादलाई नयाँ वैज्ञानिक आधार प्रदान गर्नुभयो । दुनियाँ बुझ्ने र बदल्ने काम नयाँ यथार्थवादले पनि आफ्नो हातमा लियो । यो सौन्दर्य-चिन्तनको क्षेत्रमा एक आमूल क्रान्ति थियो ।

**(ख) लेनिनवादी सौन्दर्य दृष्टि**

लेनिनले मार्क्सवादलाई पचाउनुभयो र साम्राज्यवाद एवम् सर्वहारा क्रान्तिको युगको वर्गसंघर्षका संगीन समस्यासँग जुझ्ने क्रममा लेनिनवाद र लेनिनवादी सौन्दर्य दृष्टिको गुणात्मक रुपले विकास गर्नुभयो । लेनिनवादी सौन्दर्य चिन्तनको मूल विशेषता हो- पक्षधरताको सिद्धान्तको प्रतिपादन । उहाँको साहित्य र कलाको क्षेत्रमा पुँजीवादी व्यक्तिवाद र साहेवी अराजकतावादका विरुद्ध, वर्ग तथा समाज निरपेक्ष स्वतन्त्रताका विरुद्ध कलाको पक्षधरताको सिद्धान्त प्रतिपादन गर्नुभयो र यो सिद्धान्तलाई अगाडि बढाउन एवम् जीवनमा लागू गर्न जोड दिनुभयो । उहाँले भन्नुभयो, "समाजवादी यथार्थवादको कला जनताप्रति पक्षपात र प्रेमका सिद्धान्तहरुमा आधारित छ ।"२

लेनिनको समाजवादी यथार्थवादी कलाको पक्षधरताको सिद्धान्तको सारलाई व्यक्तिवादी "म" को संसारबाट सर्वहारावादी "हामी" को संसारमा रुपान्तरणका अर्थमा ग्रहण गर्नुपर्दछ र मार्क्सवादी-लेनिनवादी सौन्दर्य चिन्तनको इतिहासमा यसको विशेष महत्व छ ।

**माओवादी मान्यता**

मार्क्स र लेनिनजस्तै माओले पनि सौन्दर्य-मूल्यको निर्धारणलाई लक्ष्य बनाएर काम थाल्नुभएन । वर्गसंघर्षमा भिड्दै जाँदा सौन्दर्य-चिन्तनलाई पनि उच्च रुपमा विकसित गर्नुभयो । यस कार्यमा उहाँमा मार्क्सवाद-लेनिनवादका अतिरिक्त यथार्थवादी कलाकार एवम् चिन्तकहरु- गोर्की, लु स्यून आदिको पनि ठूलो प्रभाव परेको छ । स्वयम् कवि र समीक्षक हुनुको नाताले पनि उहाँले यस क्षेत्रलाई उर्वर बनाउनुभएको छ ।

माओले यस क्षेत्रमा त्यो बेला हात हाल्नुभयो, जुन बेला एकातिर मार्क्सवादी-लेनिनवादी सौन्दर्य चिन्तनको निकै व्याख्या, बहस तथा विकास भइरहेको थियो भने अर्कोतिर "कला कलाका लागि सिद्धान्त" मान्ने, मानव स्वभाववादी, शून्यवादी लगायत तमाम ह्रासोन्मुखी पुँजीवादी लेखक-कलाकारहरुको ठूलो जत्था पनि मैदानमा खडा थियो । यी दुई फौजबीचमा ती निम्न पुँजीवादी लेखक-कलाकार पनि थिए, जुन कहिले यता र कहिले उता ढल्कने गर्दथे ।

मार्क्सवादी-लेनिनवादी सौन्दर्य फाँटभित्रै पनि कयौं विषयहरु विवादका गुत्थी बन्दै आएका थिए । कतिपय मानिसहरु सौन्दर्य-चिन्तनको वर्ग एवम् समाजसापेक्ष स्वरुपमाथि यसरी आशंका व्यक्त गर्दथे कि मार्क्स-एंगेल्सले कलाको असमान विकासको चर्चा गर्दा केही सर्वोत्तम रचनाहरु शाश्वत हुने र तिनको मूल्यलाई सामाजिक परिवर्तनले कुनै असर नगर्ने कुरा बताउनुभएको थियो । उनीहरु यो भन्दथे कि उहाँहरुले लेखकीय प्रवृत्ति र कलात्मक प्रतिबिम्बनको सिद्धान्तको उल्लेख गर्दा लेखक कुनै बनिबनाऊ समाधान दिन बाध्य नहुने वा कुनै-कुनै बेला कसैको विशेष पक्ष नलिए पनि हुने कुरा बताउनुभएको थियो । साथै उनीहरु यो पनि भन्दथे कि लेनिनको पक्षधरताको सिद्धान्त निकै कडा तथा अव्यावहारिक छ र यसले कलाकारहरुको सिर्जनात्मक 'मूड' नै खत्तम पारिदिन्छ । माओलाई यी सब कुराको जवाफ दिनु थियो र यो भन्दा पनि अझ बढी वर्गयुद्धका समस्या हल गर्दै अघि बढ्नु थियो । क्रान्तिका समस्या कसरी हल गर्दै जाने र विचारधाराको क्षेत्रमा निम्न पुँजीवाद, पुँजीवाद र संशोधनवादलाई पछार्दै कसरी अघि बढ्ने, माओका अगाडि यी नै चुनौती थिए र यिनको सामना गर्ने क्रममा उहाँले सौन्दर्य-चिन्तनको क्षेत्रमा पनि निकै महत्वपूर्ण योगदान दिनुभयो ।

**माओवादी सौन्दर्य-चिन्तनका मूल विशेषता यी हुन् –**

**(क) सौन्दर्य-चिन्तनको पद्धति**

माओको सौन्दर्य-चिन्तनको पद्धति सबैखाले अधिभूतवादका विरुद्ध भौतिकवादी द्वन्द्ववादमा-अन्तर्विरोधको नियममा आधारित छ । साहित्य, कलालाई उहाँले विचारधाराको विशिष्ट रुप मान्नुभएको छ र त्यसैले तिनको विचारधाराका अन्य रुपसरह आफ्नै विशिष्ट स्वत्व हुने कुरामाथि पनि प्रकाश पार्नुभएको छ । यसैकारण उहाँले यो भन्नुभएको छ कि मार्क्सवादले यथार्थवादलाई हटाएर त्यसको ठाउँ लिन सक्दैन ।

साहित्य र कलाका समस्याबारे विचार गर्दा उहाँ जीवनका वास्तविकतालाई आधार बनाएर सोच्नुपर्ने कुरामा जोड दिनुहुन्छ र परिभाषाबाट सुरु गरी पाठ्यपुस्तकमा हल खोज्ने चिन्तनको कडा विरोधी हुनुहुन्छ । उहाँले वर्गसमाजमा हरेक मानिसका विचार र भावहरु वर्गीय हुने र यसरी नै सत्य, प्रेम, मानवस्वभाव आदि कुनै पनि चीज अमूर्त नहुने कुरा बताउनुहुन्छ । सौन्दर्य-मूल्यलाई उहाँले शाश्वत हैन समाज सापेक्ष र परिवर्तनशील मान्नुहुन्छ । उहाँ भन्नुहुन्छ, "सत्य असत्यका विरुद्ध छ र त्यो यसैसित लडेर विकसित हुन्छ । सुन्दर कुरुपका विरुद्ध छ र त्यो यसैसित लडेर विकसित हुन्छ । असल र खराबको कुरा पनि यस्तै हुन्छ ।"३ उहाँले पुँजीवादी तथा निम्न पुँजीवादी विचारधाराबीचको संघर्ष निकै लामो समयसम्म चल्ने र सत्य-असत्य, असल-खराब र सुन्दर-असुन्दरबीचको संघर्ष निरन्तर चली नै रहने कुरा बताउनुभएको छ । विचारधारा, साहित्य र कलाको क्षेत्रमा चल्ने यसप्रकारको संघर्षलाई उहाँले "एकता-आलोचना-रुपान्तरण"का आधारमा "सयौं फूल फुल्न दिने, सयौं विचार शाखामा प्रतियोगिता चल्न दिने" नीतिअन्तर्गत समाधान गर्दै नयाँ आधारमा एकता कायम गर्दै अघि बढ्नुपर्ने कुरामा जोड दिनुभएको छ ।

माओले एकातिर साहित्य र कलालाई राजनीतिको मातहतमा हुने र अर्कोतिर साहित्य र कलाले पनि राजनीतिलाई प्रभावित पार्ने कुरा बताउनुभएको छ । यस्तै उहाँले उपरीसंरचनामा विविध अंग वा रुपहरु, जसमा कला-साहित्य र सँस्कृति पनि पर्दछन्- ले आफू खडा भएको आर्थिक आधारलाई पनि बदल्छन् भन्नुभएको छ र समाजवादी रुपान्तरणको निम्ति कला-साहित्यको पनि महत्वपूर्ण भूमिका रहने कुरा बताउनुभएको छ । परन्तु जब सामाजिक आर्थिक आधार बदलिँदा पनि त्यसको सेवा गर्ने कलामा "परिवर्तन एक गम्भीर समस्या"४ बन्दछ, त्यो बेला उहाँले गम्भीर अध्ययन र जाँचपड्तालमा जोड दिनुहुन्छ र त्यसको अन्तिम परिणाम महान् सर्वहारा साँस्कृतिक क्रान्ति नै हुन्छ । कला, साहित्य, सँस्कृतिलगायत विचारधाराका विभिन्न क्षेत्रमा विद्यमान निम्न पुँजीवाद, पुँजीवाद र संशोधनवाद निर्मूल पार्ने तथा विश्वदृष्टिकोणको समस्या हल गर्ने उद्देश्य प्राप्तिका निम्ति, नयाँ सौन्दर्य चेतनाले समृद्ध मानव जातिको सृष्टिको निम्ति, यस महान् सर्वहारा साँस्कृतिक क्रान्तिको विशेष महत्व रहेको छ ।

**फुटनोट**

१. मार्क्सवादी सौन्दर्य, पृ. ७
२. कम्युनिस्ट नैतिकता, पृ. १२४
३. :बय ध्र्या ξ, ए घटट
४. साहित्य-कलाके पाँच दस्तावेज, पृ. १०

## कविता

# बिजयको गीत बन्नेछ

■ सोनाम

हिम्मतिलो जाँगर
हुर्किरहेको देशभित्र
हिनताबोधले घिस्रिरहेको
बेक्कामे पाईला नभएर
जुन देशमा रफ्तार छ
सुन्दर वीर वीरङ्गनाहरुको
असाध्यै चोखो रगतले सिचिएको
यिनै पहिचानले हाम्रो देश
सिङ्गारिएको छ
अन्यायको विरुद्ध साहस
मुक्तिको निम्ति बलिदान
जुन इतिहास प्राणभन्दा प्यारो छ
शहीदहरुको रगतले कोरिएको इतिहास छ
त्यसैले भन्यौं हाम्रो पाइला
हिनताबोधले घिस्रन हुन्न
हिम्मतिलो जाँगरले सुसज्जित हुनुपर्छ
यहि हाम्रो माटोबाट
पहिचान खोज्नु पर्छ
अत्याचारको बिरुद्ध जुट्ने गरी
सबलाई आह्वान
मुक्तिको लागि त्यही हुन्छ बलिदान
शहीदको रगतले कोरिएको
यहि इतिहास छ
जहाँ इतिहासको सुन्दर फूल फुल्न खोज्छ
त्यसलाई हुर्किन दिनु पर्छ
अनि तिनकै माला उनेर
विजयको गीत गाउदै हिड्नु पर्छ
यिनै आशा लिएर
कलाकर्मीहरुले शिला कूँद्दै छ
जुन डाहा पालेर
इतिहासप्रति जो बेइमान्दारी बन्छ
इतिहासको उज्वलताप्रति प्रश्न खडा गरेर
कालो पोत्ने जसले कोशिस गर्छ
तिनै बन्नेछन् हिनताबोधकी शिकार
जनमुक्तिका महान यात्राबाट त्रसित
कायर लाचार मिश्रित
घृणायुक्त पाईला नउचाल
किनकि, तिम्रो दृष्टिकोणमै खोट रहेछ
त्यस विरुद्ध अब
छुट्टै संघर्ष चल्नेछ
आँधि भएर उडाउन सक्छ
जुन त्याग र समर्पणले मात्र
पुरा गर्न सम्भव हुनेछ
अनि मात्र बिजयको गीत बन्नेछ

●●●

---

## संसदीय व्यवस्थाको ... ...

निम्त्यायो । फलतः १० वर्षको जनयुद्धमा १४ हजार जनता मारिन बाध्य भए । त्यसको असरबाट मुक्त नहुँदै फेरि संसदीय खेलको दुष्चक्र सुरु भएको छ । यो व्यवस्था न त राष्ट्रियता र स्वाभीमान जोगाउन सफल छ, न त पुरानो सामन्ती सत्ताबाट जनतालाई मुक्ति दिन । आज पनि विदेशी हस्तक्षेप र उत्पीडनबाट देश उत्तिकै आक्रान्त छ भने जनता पुरानै शासकीय परम्परा र पुरानै सत्ताको शोषण, थिचोमिचो र भेदभावबाट आक्रान्त छन् । न १४ हजार बलिदानको मूल्य न त जनआन्दोलनको प्राप्ति नै स्थापित हुन सक्यो । देश जहाँको तहीँ छटपटाइरहेको छ । जस्ताको तस्तै कठीन पीडाबाट गुज्रिरहेको छ । देशको विकास, प्रगति, समृद्धि कागजी कुरा वा गँजेडी गफमा सीमित भएका छन् । संविधान जारी भयो तर कार्यान्वयन गर्न मुस्किल पर्नु त्यसैको परिणति हो ।

आज संसदीय दलहरु एकापसको मुठभेडमा उत्रिएका छन् । साँढेको जुधाइमा देश मिचिइरहेको छ । देशमा आन्तरिक झगडा, विवाद र विभाजन जारी छ । संसदवादी दलहरु नै स्वार्थ र सत्ताको निम्ति दूरगामी विभाजनको रेखा कोर्दै छन् । उनीहरुको यो ध्रुवीकरण कुनै विचार, सपना र सोद्देश्यको निम्ति होइन । उनीहरु तुच्छ स्वार्थको लागि सत्ता वा कुर्सीको निम्ति यो झगडा गरिरहेका छन् । उनीहरुको यो झगडा पनि अन्तहीन जस्तै छ । यसले देशको अवस्था झन् झन् विकराल बन्दै गएको छ । देशलाई संकटमा धकेलेर विदेशीको इशारामा यो कचिंगल चलाइरहनु पनि विदेशीकै स्वार्थ र योजना बमोजिम हो । उनीहरु देशलाई आत्मनिर्भर होइन पराश्रित, स्वाधीन होइन पराधीन, परजीवि बनाउन कृतसंकल्पित भै व्यवहार गरिरहेका छन् । देशका समस्या, मधेसी, थारु, जनजातिका समस्या जस्ताको तस्तै राखेर संविधान कार्यान्वयनको सपना देख्नु त दिवास्वप्ना मात्र हो । समस्या समाधान भन्दा जटिलतातिर लैजानु उनीहरुको ध्येय नै हो कि जस्तो देखिदैछ ।

बाह्य शक्तिबाट परिचालित हुनु, उनका निर्देशन पालना गर्नु, उनका योजना लागू गर्न इच्छित हुनु र उनले उहाएका-सिकाएका कुरालाई नै आफ्नो निर्णय सम्झेर लागू गर्न उत्सुक हुनुले समस्याको समाधान सम्भव नै देखिन्न । अहिलेको समस्या विदेशी योजनाबाट निर्मित समस्या हो । शेरबहादुर र कृष्णबहादुरहरु दिल्लीमा लम्पसार पर्न नगएको भए, यो समस्या आउने थिएन । तर दिल्लीलाई यही अस्थीरता र अव्यवस्था फलदायी हुन्छ । जति बढी समस्याका भासमा देश भाँसिदै जान्छ, त्यति बढी फाइदा विदेशीको लागि हुँदै जान्छ । यसले यी संसदीय दलले गरेका हरेक क्रियाकलापको योजना दिल्लीधाम मै बन्छ भन्ने स्पष्ट छ । यसरी हेर्दा ओली, प्रचण्ड र शेरबहादुरको नायक दिल्ली नै हो । यी सबैलाई एकैसाथ दिल्लीले नै परिचालित गरिरहेको छ । प्रत्यक्ष वा परोक्ष अस्थीरताको खेल खेल्ने ओली हुन वा प्रचण्ड दुवै दिल्लीको दलाली र दासत्वमा सत्तामा रहन चाहन्छन् । दुवै दिल्ली धामको घेराबाट बाहिर छैनन् । दुवैलाई उसैको सुझाव र सल्लाह प्राप्त छ । एकातिर एउटा एजेन्डा दिएर विग्रह सिर्जना गर्न लगाउने र अर्कोतिर अर्को एजेन्डा दिएर संकट निम्त्याउने र निरन्तर अस्थिरताको खेती गर्ने काम दिल्लीले नै गर्दै आइरहेको छ ।

जनयुद्धले स्थापित गरेका मुद्दाको समाधान नखोजी नेपाली वर्तमान राजनीतिक समस्या समाधान हुन सक्दैन । प्रतिक्रियावादी संविधान आफैमा अपुरो, कमजोर र समस्याग्रस्त छ । यसले जनताका मुद्दाको सम्बोधन गर्नै सक्दैन । र, संविधानले सरकारलाई पनि निरन्तर अस्थिरतातर्फ धकेल्छ । ओली सरकार मात्रै होइन, प्रचण्ड वा देउवा सरकार पनि विदेशीको स्वार्थ अनुसार धरापमा परिरहन्छन् । अब बन्ने नयाँ सरकार पनि त्यसैगरी धरापमा पारिनेछ र विदेशीको हाईहुकुम कार्यान्वयन गरिनेछ । अर्काको हातबाट सञ्चालित भएपछि उसकै निर्देशन शिरोधार नगरी सुख छैन । तसर्थ यो अस्थिरता, अराजकता, अव्यवस्था, सरकार फेरबदलको खेलबाट सदाको लागि मुक्ति पाउने उपाय भनेको जनताले लिने विद्रोहको बाटो हो मात्रै हो । सँधै यस्तो दुर्दशामा देश बाँचिरहनुभन्दा फेरि एकपटक जनताले अर्को साहस गर्नैपर्छ । अधुरो क्रान्ति पूरा गरेर मात्र समस्याको वास्तविक समाधान गर्न सकिन्छ ।

## पार्टीलाई आत्म निर्भर बनाउन 'नमूना आर्थिक उत्पादन'

उदयपुर । नेकपा (क्रान्तिकारी माओवादी) को जिल्ला कमिटिको बैठकले पार्टीलाई आत्मनिर्भर बनाउन चाँडै नै एउटा नमूना आर्थिक उत्पादन गर्ने निर्णय गरेको छ।

जिल्ला स्तरीय नमुना आर्थिक उत्पादन कार्यक्रमको सञ्चालनको लागि जिल्ला इन्चार्ज क. अम्मर परियारको संयोजकत्वमा सात सदस्यीय आर्थिक उत्पादन समिति गठन गर्ने निर्णय गरेको छ। जसमा सदस्यहरुमा क्रमशः लिल बहादुर वि.क., उमा परियार, टिका तामाङ्ग, सुनवीर लामा, शंकर पौडेल र मदन खड्का रहेका छन्।

उक्त समितिले चाँडै नै जग्गाको खोजी गरी आफ्नो कार्ययोजना अगाडि बढाउने समितिका संयोजक अम्मर परियारले बताए।

# प्रशिक्षण तथा बैठक सम्पन्न

उदयपुर । वर्षातको भेलवाढीको वावजुद पनि उदयपुरमा नेकपा (क्रान्तिकारी माओवादी) को संगठन विस्तार तथा सुदृढिकरण युद्धस्तरमा हुन थालेको छ। पार्टीबाट वादल समूहको वहिर्गमन भए पनि स्थानीय स्तरमा खासै असर नभएकोले उदयपुरमा संगठन विस्तारमा उत्साह देखा परेको छ।

यसै क्रममा श्रावण ६ गते पार्टीका वरिष्ठ नेता सिपी गजुरेल गौरवको प्रमुख आतिथ्यमा उदयपुरको लालपत्तामा राजनैतिक प्रशिक्षण, भेला तथा बैठक सम्पन्न भएको छ। उक्त कार्यक्रममा उहाँले पार्टीबाट संशोधनवादका पुच्छरहरु बढारिसकेकोले अब पार्टीलाई लडाकु, चुस्त दुरुस्त बनाएर नयाँ जनवादी क्रान्तिको दिशातर्फ उन्मुख गराउन आवश्यक रहेको कुरा बताउनु भयो। उहाँले विगतको भन्दा पार्टीको पछिल्लो राष्ट्रिय भेलाबाट पार्टीको कार्यदिशा समृद्ध भएकोले अब पार्टी नेतृत्वले क्रान्तिकारी स्प्रिट पक्डने दावी गर्नुभयो। त्यसैगरी उहाँले पार्टीलाई चुस्त, दुरुस्त बनाई संगठन सुदृढीकरणतर्फ लाग्न निर्देशन दिनुभएको उदयपुर जिल्ला पार्टी स्रोतले जनाएको छ।

उक्त प्रशिक्षण कार्यक्रम पश्चात बसेको पार्टीको बैठकले जिल्लामा पार्टी कार्यकर्ताको कार्य विभाजन गरेको छ। जसमा इलाका नं. १,२ र ३ को इन्चार्ज क.लिल बहादुर वि.क. र सेक्रेटरी क. इन्द्र श्रेष्ठ, इलाका नं. ४ को इन्चार्ज क. सुनविर तामाङ्ग र सेक्रेटरीमा क. श्याम कार्की, इलाका नं. ६ को इन्चार्ज क. शिवराम राई, इलाका नं. ७ को इन्चार्ज क. मधुकर थापा, इलाका नं. ९ को इन्चार्ज क. शंकर पौडेल र इलाका नं. १० को इन्चार्ज क. सन्त बहादुर सुनवार, इलाका नं. ११ को इन्चार्ज काजि राउत र सेक्रेटरीमा क. खण्ड बहादुर मगरलाई जिम्मेवारी तोकिएको छ भने इलाका नं. ५ र ८ पार्टी जिल्ला कार्यालयले हेर्ने निर्णय गरेको छ।

त्यसैगरी, त्रियुगा नगर कमिटि इन्चार्ज क. टिका तामाङ्ग, सेक्रेटरी क. उमा परियार, वेल्टार-वसाहा नगर इन्चार्ज क. अमर राई र कटारी नगर कमिटि इन्चार्ज क. वुद्धिमान तामाङ्गलाई जिम्मेवारी दिइएको छ।

उक्त बैठकले क्रान्तिकारी युवा लिंगको जिल्ला संयोजक क. मदन खड्का र सह-संयोजक क. राजेन्द्र चौधरीलाई बनाउने निर्णय गरेको छ। क्रान्तिकारी युवा लिंगलाई सशक्त रुपमा विकास गरी अगाडि बढाउने र जिल्लाका सबै इलाकाहरुको भेला बैठक श्रावण महिना भित्रमा सम्पन्न गरिसक्ने निर्णय समेत गरेको समाचार छ।

# नेपाली एकता समाज भारतको केन्द्रीय भेला सम्पन्न

## संयोजकमा आनन्द थापा सर्वसम्मत

■ **सुरज कुमार / दिल्ली ।**

जुलाई १६ र १७ मा नेपाली एकता समाज भारतको दुई दिने केन्द्रीय भेला हरियाणा राज्यको सोनीपतमा भव्य रूपमा सम्पन्न भएको छ। केन्द्रीय उपाध्यक्ष शोभाखर अधिकारीको अध्यक्षतामा सम्पन्न भएको सो भेलामा नेपाल कम्युनिष्ट पार्टी (क्रान्तिकारी माओवादी)का केन्द्रीय सचिवालय सदस्य इन्द्र मोहन सिग्देल 'बसन्त'को विशेष उपस्थिति रहेको थियो।

महासचिव आनन्द थापाले संचालन गरेको सो भेलाले ७५ सदस्यीय केन्द्रीय सम्मेलन आयोजक समितिको गठन गर्दै आनन्द थापालाई संयोजक चयन गरेको छ। साथै रामचन्द्र घिमिरे, शोभाखर अधिकारी, एमबी हमाल, राजू शर्मा, र हेम राज ढुंगानालाई उपसंयोजक चयन गरेको छ भने महासचिवमा विष्णु शर्मा, सचिवमा शम्भु थापा एवं मिलन केसी र कोषाध्यक्षमा बीर बहादुर गौतमलाई चयन गरिएको छ।




भेलाले चयन गरेका अन्य केन्द्रीय सदस्यहरूमा केशव थापा, छविलाल थापा, रमेश गैरे, हरी थापा, सुमंत केसी, शिवराज बुढामगर, प्रताप थापा, भीम प्रसाद पौडेल, राम बहादुर कौशल, नरेश धतानी, चेतमान भण्डारी, बालकृष्ण अधिकारी, शिव प्रसाद दहाल, रामु सुमा पौडेल, दिपक बीक, रामबहादुर पुन, कैशव पौडेल, कमला गौतम, महेन्द्र घिमिरे, कमला घिमिरे, चिरनजीवि शर्मा, निर्मल बीक, उदय धर्ति, टोप बहादुर केसी, रामु दर्लामी, राजु श्रेष्ठ, झमेन्द्र चैहान, कौशल परिहार, विष्णु भट्ट, विजय माझी, उमेश परियार, महेश परियार, कृष्ण प्रसाद दहाल, राम बहादुर नेपाली, विष्णु भण्डारी, दानबहादुर बराली, भोट बहादुर थापा मगर, भुपाल त्रामु मगर, नवीन थापा मगर,लक्ष्मी शर्मा आचार्य, राम बहादुर कार्की, भेग बहादुर बीक, भानु सुनार, उम बहादुर खाम्छा, गोविन्द सिंह थापा, भक्त बहादुर पुन, केबी सिंह थापा, नन्द लाल त्रामु, केश बहादुर थापा, दडी राम खनाल, खुमानन्द खनाल, श्यामलाल न्यौपाने, धन बहादुर गौतम, टुक बहादुर जीसी, उमेश ठकुरी, पुरुषोत्तम बराली, विष्णु सारू मगर, रमेश थापा, डम्मर न्यौपाने, कृष्ण प्रसाद भुसाल, शिवहरी अधिकारी, भरत न्यौपाने, गोपाल बीक, राम कुमार कार्की, बालकृष्ण सापकोटा, लीला राना र सीता रसाइली रहेका छन्।

साथै यस भेलाले नेपाली एकता समाज भारतको मुख पत्रको नाममा परिवर्तन गरि 'नयाँ जनलहर' राख्ने निर्णय गरेको छ। मुखपत्रको टिम यथावत राख्दै सम्पादकमा विष्णु भट्टराई, सहसम्पादकमा सुरज कुमार र व्यवस्थापनमा शिव प्रसाद दहाललाई जिम्मा दिइएको छ।

## रुपन्देहीका क्रान्तिकारी महिलाहरुले अन्तर्क्रिया गने

**बुटबल ।** नेकपा (क्रान्तिकारी माओवादी) निकट अखिल नेपाल महिला संघ (क्रान्तिकारी) जिल्ला समिति, रुपन्देहीले भदौं ४ गते बुटवलमा अन्तरक्रिया गर्ने भएको छ। भड्किदैं गएको तीजको विषयमा अन्तरक्रिया गरिने संघले जनाएको छ. संघको श्रावण १४ मा बसेको बैठकले अन्तरक्रिया गर्ने निर्णय गरेको समाचार प्राप्त भएको छ। सो बैठकले संगठन विस्तारमा जोड दिदैं रुपन्देहीको सात वटैं क्षेत्रमा जिम्मेबारी समेत हेरफेर गरेको छ। जसमा रुपन्देही क्षेत्र नं. १ मा गौरी थापा,२ मा निमकला पुन, ३ मा शान्ता मरासनी, ४ मा चीजा श्रीस, ५ मा रुपा थापा ६ र ७ मा कमला गौतम र निमकला पुनलाई इन्चार्ज तोकि जिम्मेबारी दिएको छ। यसका साथैं बैठकले नगर, गाउं, वडाको बैठक, भेला गरी संगठन विस्तार तथा पार्टीको निर्देशन अनुसार सात वटैं क्षेत्रमा संसदीय व्यवस्थाको भण्डाफोर, प्रशिक्षण लगायतका कार्यक्रम गर्ने निर्णय गरिएको संघले जनाएको छ। निमकला पुनको अध्यक्षतामा बसेको बैठकमा नेकपा (क्रान्तिकारी माओवादी)जिल्ला समिति,रुपन्देहीका संयोजक भुलबहादुर सुनारी, सचिवालय सदस्य आरपी शर्मा, महिला नेतृ दिपा सिटौला लगायतको उपस्थिति रहेको थियो।

# क्रान्तिकारी माओवादी किरातको उद्योग बचाउ अभियान

**उदयपुर ।** देशकै ठूलो औद्योगिक प्रतिष्ठान उदयपुर सिमेण्ट उद्योग दलाल र माफियाका कारण सरकारले बेच्न लागेको भन्दै नेकपा (क्रान्तिकारी माओवादी) उदयपुरले त्यसको विरुद्ध सिमेण्ट उद्योग बचाउ अभियान समिति गठन गरेको छ।

पार्टीका किराँत राज्य सेक्रेटरी मिन कुमार राउतको संयोजकत्वमा ९ सदस्सीय बचाउ अभियान समिति बनाएको छ। जसमा अम्मर परियार, रिता मगर, मधुकर थापा, सुनवीर तामाङ्ग, उमा परियार, लिल बहादुर वि.क., मदन खड्का र शंकर पौडेल सदस्य रहेका छन्।

यसैबीच, उक्त समितिले एक विज्ञप्ती जारी गर्दै सरकारले कहिले उद्योग बेच्ने, कहिले लिजमा दिने, कहिले खानी बेच्ने लगायतका विभिन्न वहानामा गोप्य रुपमा उद्योग बेच्ने लागेकोले त्यसविरुद्ध नेकपा (क्रान्तिकारी माओवादी) उदयपुरले सशक्त रुपमा आन्दोलन गर्ने घोषणा गरेको छ। उक्त विज्ञप्तीमा राज्यको स्वामित्वमा रहेको उक्त उद्योग खुल्ला बजार प्रतिस्पर्धाको नाममा जनताको सम्पत्तिमाथि कमिसनको चक्करमा दलाल तथा माफियाहरुले बेच्न लाग्नु ठूलो राष्ट्रघात हो, विज्ञप्तीमा उल्लेख छ। संयोजक मिन कुमार राउतद्वारा हस्ताक्षर उक्त विज्ञप्तीमा उद्योगमा सरकारी भ्रष्टचारीहरु मौलाउँदै उद्योगलाई धरासायी बनाउन पैतलादेखि टुप्पीसम्मको वल लगाएर सिमेण्ट उद्योगलाई ध्वस्त बनाउन सरकार लागि परेको भन्दै अब उद्योगलाई जोगाउन कम्पनी मोडेलमा लगेर जनताको शेयरमा संचालन गर्नुपर्ने उल्लेख गरिएको छ।

त्यसैगरी खोटाङ्ग र ओखलढुंगाको सिमामा रहेको १२ सय मे.वा.को दुधकोशी विद्युत आयोजना पनि कम्पनी ऐन अन्तर्गत जनताको शेयर पुँजीबाट संचालन गर्नुपर्ने र तामाकोशी मोडेलमा संचालन गर्नुपर्ने भन्दै नेकपा (क्रान्तिकारी माओवादी) खोटाङ्ग र ओखलढुंगाले संयुक्त सरोकार समूह बनाउने निर्णय गरेको राज्य सेक्रेटरी राउतले बताउनुभयो।

## संक्षिप्त समाचार

### क्रान्तिकारी पत्रकार महासंघ रुपन्देहीको अध्यक्षमा मास्की

**रुपन्देही ।** एक भेलाले क्रान्तिकारी पत्रकार महासंघ रुपन्देहीको अध्यक्षमा टेकबहादुर मास्की रानालाई सर्वसम्मत चयन गरेको छ। श्रावण १४ मा बुटबलमा सम्पन्न उक्त भेलाले सात सदस्सीय महासंघको कार्यसमितिलाई चयन गरेको छ। महासंघका अन्य जिल्ला पदाधिकारीहरुमा सचिव- मानवहादुर कुँवर, कोषाध्यक्ष- राज भूजेल र सदस्यहरु : खुमानन्द भुसाल, प्रेम थापामगर, रामप्रसाद पोखरेल, मजिम अलि रहेका छन्। सो महासंघका केन्द्रीय सल्लाहकार प्रेमसागर पौडेल, नेकपा (क्रान्तिकारी माओवादी) रुपन्देहीका संयोजक भुलबहादुर सुनारीमगर र जिल्ला सचिवालय सदस्य रामप्रसाद पोखरेलले नवगठित महासंघको जिल्ला समितिको सफल कार्यकालको लागि शुभकामना दिएका थिए।

### तरामुमोले मनोनयन गऱ्यो ६ जना केन्द्रीय सदस्य

**काठमाडौं ।** तमु राष्ट्रिय मुक्ति मोर्चा,नेपाल केन्द्रीय समितिले रिक्त रहेको पदमा ६ जनालाई केन्द्रीय समितिमा मनोनयन गरेको छ। मोर्चाले रुपन्देहीका पदम गुरुङ, तारा गुरुङ, दिलमाया गुरुङ, चम्पा गुरुङ, मोहन गुरुङ, लेमबहादुर गुरुङ र सल्लाहकारमा रुपन्देहीबाट खेमप्रसाद गुरुङ र लोकबहादुर गुरुङलाई मनोनयन गरेको हो। श्रावण १४ मा मोर्चाको काठमाडौंमा बसेको बैठकले उनीहरुलाई मनोनयन गरेको मोर्चाका केन्द्रीय सचिव धनबहादुर गुरुङले जानकारी दिए। बखानसिंह गुरुङको अध्यक्षतामा बसेको बैठकमा अमरबहादुर तमुको प्रमुख उपस्थिति रहेको थियो। .

### क्रान्तिकारी माओवादी रुपन्देहीको कार्यालय भैरहवामा

**भैरहवा ।** नेपाल कम्युनिष्ट पार्टी (क्रान्तिकारी माओवादी) जिल्ला समिति,रुपन्देहीको सम्पर्क कार्यालय भैरहवामा स्थापना गरिएको छ। सिद्धार्थनगर नगरपालिका भैरहवाको बर्मेली टोलमा पार्टी कार्यालय स्थापना गरिएको सो पार्टीले जनाएको छ। कार्यालयको १४ श्रावणमा एक कार्यक्रमबीच पार्टीका जिल्ला सचिवालय सदस्य रामप्रसाद पोखेलले उद्घाटन गरे। कार्यक्रममा पार्टीका जिल्ला नेता टिपु सुल्तान,मजिद अलि, श्रीचन्द लगायतले बोलेका थिए। यसैबीच सोही दिन पार्टीको घोषित कार्यक्रम अनुसार रुपन्देही क्षेत्र नं २ को भैरहवामा संसदीय व्यवस्थाको भण्डाफोर, क्षेत्रीय स्तरको प्रशिक्षण तथा भेला सम्पन्न भएको छ। भेलामा पार्टी रुपन्देहीका संयोजक भुलबहादुर सुनारी,सचिवालय सदस्य आर.पी. आचार्य, टिपु सुल्तान, मजिद अलि, श्रीचन्द लगायतले बोलेका थिए।

### क्रान्तिकारी माओवादी भोजपुरामा संगठन विस्तार

**बीरगञ्ज ।** एउटा हिस्सा पार्टीको नीति, सिद्धान्त र कार्यदिशाबाट पलायन भई पार्टी छोडेर हिंडेपछि नेकपा (क्रान्तिकारी माओवादी)को भोजपुरा राज्यमा संगठन पुनर्गठन तथा विस्तार भएको छ। हाम्रा स्थानीय संवाददाताका अनुसार सो राज्यन्तर्गत पर्ने बारा, पर्सा र रौतहटमा पार्टी पुनर्गठन गरिएको छ।

प्राप्त समाचार अनुसार पार्टीका केन्द्रीय सचिवालय सदस्य तथा भोजपुरा राज्य इन्चार्ज चन्द्रहरि सुवेदी'अटल'को उपस्थितिमा पर्सा जिल्लामा ईस्लाम हवारीको नेतृत्वमा २५ सदस्सीय, बारामा दिवाकर न्यौपानेको नेतृत्वमा २५ सदस्सीय र रौतहटमा प्रल्हाद साहको नेतृत्वमा २५ सदस्सीय जिल्ला संगठन समितिहरु पुनर्गठन गरिएको छ। बारामा १५ सदस्सीय सल्लाहकार समिति पनि निर्माण गरिएको छ।

त्यसैगरी, भोजपुरा राज्यमा क्रान्तिकारी युवा लीगको पनि संगठनात्मक गतिविधि बढेको छ। प्राप्त समाचार अनुसार भोजपुरा राज्यका संयोजक रुपेश पोखरेलको नेतृत्वमा बारामा, अमरेन्द्र आनन्दको नेतृत्वमा पर्सामा र उपेन्द्र साहको नेतृत्वमा रौतहटमा युवा लिंगका जिल्ला संगठन समितिहरुको निर्माण गरिने जनाइएको छ। अन्य जबस-मोर्चाहरुको संगठनात्मक गतिविधिहरु पनि भइरहेको त्यहाँको राज्य पार्टी कार्यालयले जानकारी दिएको छ।

काठमाडौं तर्फ टिकट बुकिङ स्थानहरु
सुनिल लामा – ९८५११३५५७३/९८४१०३८८६१
इन्चार्ज, कलंकी काउन्टर
जोरपाटी : ९८५१०४०३१५
नयाँ बसपार्क : ९८१८९६५६४१
स्वयम्भू : ९८५११३९९५९
कलंकी बाबा आयल : ९८४१०३८८६१
बागबजार : ९८२३२६०३१०
मैतीदेवी : ९८५११३९९५९
सुन्धारा : ९८५११३५५७३
बानेश्वर, शंखमुल : ९८१८५२१०३७
कोटेश्वर : ९८२३३०५८१२
ग्वाको इमाडोल : ९८२३२६०३१०
सातदोबाटो : ९८४१०३८८६१
बल्खु : ९८२३३०५८११
कीर्तिपुर : ९८२३३०५८१२
थानकोट : ९८४१०३८८६१

धौलागिरी अञ्चल तथा घोडाघोडी बस व्यवसायी समितिद्वारा संचालित

A/C, Tourist Bus, Delux Bus, A/C Micro SCORPIO, Zeep, TATA SUMO सेवा

पोखरा, कुस्मा, फलेवास, बाग्लुङ गलकोट हटिया, बुर्तिबाङ, मुक्तिनाथ, दाङ तुलसीपुर, लुम्बिनी, नेपालगंज, सुर्खेत कालिकोट, जुम्ला, दैलेख, जाजरकोट, खलंगा दिल्ली, बनारासी साथै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय हवाई टिकटको पनि व्यवस्था छ ।

फोन मार्फत् टिकट बुकिङ गर्नुको साथै घरदैलोबाटै पिक अप को राम्रो व्यवस्था मिलाएको छ।

## आलोपालो

# केपी ओली कसरी राष्ट्रवादी ?



नगेन्द्र राई

मुलुकमा फेरि एकचोटी गरमागरम राजनैतिक बहस शुरु भएको छ। यो बहस मुलुकमा आमूल परिवर्तन, जनअधिकार र स्थापित गर्ने विषय, मुलुकको समृद्धि र राष्ट्रिय स्वाधीनताका लागि भएको बहस होइन, यो त अब प्रधानमन्त्री को हुने ? कसले बाजी मार्ने भन्ने विषयमा छ। बेलायती प्रकारको संसदीय व्यवस्थामा सरकार परिवर्तन हुनु एकदमै सामान्य कुरा हो। सरकार परिवर्तन हुनुको मापदण्ड नै संसदमा मौजुदा रहेको सदस्य संख्याको ५१% जुन दल वा व्यक्तिले पुऱ्याउँछ ऊ प्रधानमन्त्री हुन योग्य हुन्छ र उसको नेतृत्वमा सरकार गठन हुन्छ। यो उनीहरुको सामान्य सिद्धान्त हो। तर बहुमत पुऱ्याउनका लागि जुन खेल हुन्छ, त्यो चाँही असामान्य हुन्छ। संसदीय व्यवस्थामा कुनै आस्था, विचार, नैतिक, अनैतिक, मूल्य मान्यता जायज, नाजायज, पवित्र अपवित्र केही कुराको पनि प्रवाह हुन्न षड्यन्त्र, दाउपेच, जालझेल, तिकडम, किनबेच, लालचा, डर धाक, खुरापाती जे जसरी भएपनि ५१% पुऱ्याउ प्रधानमन्त्री खाउ। यही अपवित्र गठबन्धन गरी केपी ओलीले पनि सरकार गठन गरेका थिए। संघीय लोकतान्त्रिक गणतन्त्रमा राजावादी कमल थापा, संघीयता विरोधी चित्रबहादुर केसीलगायत विभिन्न रंगरुपको यथास्थितिवादी र पश्चगामीहरुको षड्यन्त्र गर्ने चौतारीको रुपमा यो सरकार बनेको थियो। अब बन्ने सरकार पनि रुपमा फरक देखिए तापनि सार त्यही हुने हो।

प्रचण्ड १० वर्षे जनयुद्धको नेतृत्व गरेका उत्पीडित जातिको मुद्दा उठाएका, मधेसी जनताको पक्षमा बोलेका, श्रमजीवी वर्गको पक्षमा उभिएका, गणतन्त्रवादी, संघीयता पक्षधर, जे जे आलंकारिक शब्दले उनीहरुलाई सम्बोधन गरे पनि जनताको अधिकारको बारेमा निर्णय गर्ने मौकामा उनी यथास्थितिवादी र पश्चगामी कित्तामा नै उभिएका छन्। प्रचण्डले आदिवासी जनजाति, मधेसीलाई अँगालो हालेर ढाडमा छुरी हान्छन् भने केपी ओलीले ट्याङ्क र डोजर हालेर समाप्त पार्न चाहन्छन्। फरक यति मात्र हो। यी दुवैको नीति एउटै हो। शैली मात्र फरक हो। त्यसैले नयाँ सरकार बन्दै गर्दा आदिवासी जनजाति, मधेसी मुस्लिम तथा श्रमजीवी जनतालाई हर्ष न विस्मात जस्तै हो। अब बन्दै गरेको कांग्रेस र माकेको गठबन्धनको सम्झौता भनौं या आगामी कार्यसूचिमा १ नं. मा नै मधेसी आदिवासी जनजाति आन्दोलनकारीको मागलाई संविधान संशोधन मार्फत् ती द्वारा सकारात्मक टुङ्ग्याउने भन्ने सहमति गरेको देखिन्छ। तर उहाँहरुले सरकार परिवर्तन गर्नका लागि सामान्य बहुमत त पुऱ्याउन सजिलो नभएको बेला २/३ बहुमत पुऱ्याएर संविधान संशोधन गर्न सम्भव छैन। त्यसैले उहाँहरुले आन्दोलनलाई कमजोर बनाउने, आफू उत्पीडितहरुको पक्षमा देखाउने योजनाअन्तर्गत आएको हो। अब बन्ने सरकारद्वारा हाम्रा मागहरु सम्बोधन हुन्छ भनेर हामी भ्रममा पर्नु हुँदैन। अर्कोतर्फ ओली सरकार गणतन्त्र आएदेखिकै अनुदार भ्रष्ट सरकार हो। मधेसी जनताको शान्तिपूर्ण आन्दोलनमा राज्य आतंक सिर्जना गरी ५१ जनाको हत्या गर्छन् अनि ओली आँप झरेको टिप्पणी गर्छन्। आदिवासी जनजातिहरु आन्दोलन गर्दा माकाफुई विखण्डनकारी जातीय साम्प्रदायिक भन्छन्। थारुहरुको विद्रोहलाई आतंककारीको संज्ञा दिन्छन्। यसरी जनताका तहबाट उठेका आन्दोलनहरु पूर्ण रुपमा निषेध गर्ने रणनीति गरेको थियो। त्यसका साथै बृहत शान्ति सम्झौताको अभिन्न अङ्ग द्वन्द्वकालीन मुद्दाहरुको निरुपण गर्नुपर्नेमा आफ्नो आसेपासे भरौटे पार्टी सदस्यहरुबाट संचालित एनजिओ आइएनजिओद्वारा कथित मानव रक्षाको नाममा जनयुद्धका नेता कार्यकर्तालगायत कांग्रेसका नेता कार्यकर्ता मुद्दा चलाई जेल हाली समाप्त गरी एउटै गोली दुई शिकार गर्न चाहेका थिए ओलीले। ओलीको यो गतिविधिले मुलुकमा ठूलो द्वन्द्व निम्तिने सम्भावना ओलीको अवसानले तत्काल टरेको छ, अन्त्य होइन। ओलीको हिजैदेखिको समीक्षा गर्ने हो भने ऊ जहिले पनि नकारात्मक यथास्थितिवादी र पश्चगामी पक्षमा उभिएको हो। २०६२/०६३ सालको जनआन्दोलन राजतन्त्रको विरोधमा जनता सडकमा ढलिरहेका बेला नेपालमा गणतन्त्रका कुरा गर्नु भनेको 'बयलगाडा चढेर अमेरिका जानुजस्तै हो' भनेर राजतन्त्रको समर्थनमा खुलेर आए। अहिले संघीयता भनेको 'बोकाको टाउकोमा भैंसीको सिङजस्तै हो' भनेर संघीयताको विरोध गरिरहेका छन्। एमालेभित्र ओली ग्याङका केही कुण्डले मण्डले ठेटना केटाहरुले सडकमा स्वतन्त्र युवाको नाममा ओली बचाउ अभियान संचालन गरिरहेको देखिन्छ। ओलीलाई राष्ट्रवादी हो भनेर भनिरहेका छन्। ती केटाहरुले के जान्न जरुरी छ भने महाकाली सन्धिमा भारतबाट २ अरब लिएर स्याटेलाइटबाट बिजुली विदेश सप्लाई गरेर वर्षको २२ अर्ब आम्दानी गर्न सकिन्छ भनेर राष्ट्रघाती सम्झौता गर्ने त्यही के.पी.हो। उनी कसरी राष्ट्रवादी भए ? क.मदन भण्डारीको हत्या पनि रहस्यमय छ। त्यसमा पनि भारतको रअले के.पी.जीको नाम सँधै सञ्चार माध्यममा ल्याइरहन्छ। यो के हो ?

भूकम्प गएको आज डेढवर्ष भयो। बाहिरबाट दाताहरुले अरबौं सहयोग गरेका छन् तर जाडो याममा भूकम्पपीडितहरुलाई पालमुनि नै बस्न वाध्य पारियो। पीडितहरुलाई ऋण पनि उपलब्ध गराइएन भने आफ्ना कार्यकर्ताका छोरा कथित भविष्य वक्ता गुगल ब्वाइलाई एक करोड रुपैंयाँ सहयोग गरेका छन्। त्यसका साथै सरकार छाड्ने बेलामा आफ्ना आसेपासेहरुलाई भर्खरै ५० जनालाई १ देखि ५ लाखसम्मको आर्थिक सहयोग दिएका छन्। यसरी सरकारी रकमलाई आफ्ना कार्यकर्ताको भरणपोषणमा दुरुपयोग गरिरहेका छन्। ओलीकै सरकारमा नांगो कालाबजारी तस्करी, भ्रष्टाचारी मौलाएको छ। यसरी सरसर्ती हेर्दा ओली सरकार राष्ट्रियता, जनतन्त्र, जनजीविकाका सबै पक्षमा नकारात्मक रह्यो। यिनै कारणले ओलीको पतन निश्चित भएको छ। नेपालमा प्रतिपक्षमा बस्न नसक्ने पार्टी कोही छ भने त्यो एमाले नै हो। तर ओलीको अहंकार दम्भले अब एमाले प्रतिपक्षमा बस्न वाध्य भएको देखिन्छ। सत्ताबाहिर बस्दाको पीडाले एमालेमा गम्भीर छटपटी शुरु हुन्छ र त्यसको सम्पूर्ण दोष केपीलाई नै जाने भएकोले पार्टीपंक्तिभित्र पनि अब उनको अवस्था संकटमा पर्ने देखिन्छ। यसरी ओली सबैतिरबाट दबाब पर्दै जाँदा सबै तरिकाले उनको अवसान सन्निकट छ।

ओलीको यस्तो अहंकारले एमालेमा विभाजन र पार्टीको कद घट्ने निश्चित छ। त्यससँगै माकेभित्र पनि प्रचण्डलाई सहज छैन। चरम गुटबन्दी र भ्रष्टाचारी झुण्डको सक्रियता बढ्दो छ। यसले गर्दा सरकारमा बस्दा पार्टीको बदनाम हुने धेरै सम्भावना छ। हुन त संसदीय व्यवस्था नै लोभी, पापी, पाखण्डीहरुको पार्टी हो। त्यसैले लेनिनले खसीको टाउको झुण्ड्याएर कुकूरको मासु बेच्ने व्यवस्था हो भनेका छन्। संसदीय व्यवस्था भनेको अलकत्राको ड्रम हो। त्यस ड्रममा डुबेको मान्छे कोही पनि गोरो हुँदैन। यो उत्पीडित जाति र वर्गको व्यवस्था होइन। त्यसैले यो व्यवस्थाको अन्त्यका लागि जनताले फेरि एकचोटी जनआन्दोलनको अपरिहार्यतालाई आत्मसात् गर्नैपर्ने देखिन्छ।

## सम्मानपूण अभिवादन ...

रोक्नका लागि विना ढिलाई कुटनीतिक पहल अघि बढाउन हामी यो सरकारसंग जोडदार माग गर्दछौं।'

विज्ञप्तिको अन्त्यमा भनिएको छ- 'न्यायपूर्ण सङ्घर्षमा संलग्न हुंदा आक्रमणमा परी घाइते हुनु भएका सबैको निःशुल्क उपचार गर्न र क्षतिपूर्तिको समेत व्यवस्था गर्न पनि पार्टी जोडदार माग गर्दछ।'

### यस्तो छ अन्तर्राष्ट्रिय कानुले गरेको व्यवस्था

अन्तर्राष्ट्रिय कानूनको हैसियत प्राप्त हेल्सिन्की नियमहरु, १९६६ को धारा २ ९(२) अनुसार कुनै एक तटीय राष्ट्रले सीमाबाट पानी निकास हुने कुनै क्षेत्रमा गर्न चाहेका प्रस्तावित निर्माण कार्य तथा संरचनाका बारेमा अर्को सम्बन्धित तटीय राष्ट्रलाई अग्रिम जानकारी दिनुपर्दछ। यसको अर्थ हो, सम्बन्धित सबै तटीय राष्ट्रहरुबीचको अग्रिम सहमतिविना अर्को तटीय राष्ट्रमाथि गम्भीर असर पर्ने गरी कुनै पनि कार्य गर्न पाइँदैन।

त्यस्तै, अन्तरसीमा जलप्रवाहको गैरयातायातजन्य उपयोगसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि १९९६ को धारा ५, ६ र ७ अनुसार आफ्नै भू-भागमा मात्र किन नहोस्, कुनै पनि तटीय जलस्रोतको उपयोग समानुपातिक एवं मनासिब उपयोगको सिद्धान्तमा आधारित हुनैपर्दछ। यस महासन्धिलाई नेपाल र भारतले अनुमोदन नगरेकै भए पनि समानुपातिक एवं मनासिब उपयोग र लाभसम्बन्धी यी सिद्धान्तहरुले प्रथाजन्य अन्तर्राष्ट्रिय कानूनको मान्यता प्राप्त गरिसकेका हुनाले नेपाल र भारतलगायतका सबै तटीय राष्ट्रहरुले बाध्यात्मक रुपमा पालना गर्नैपर्दछ। तसर्थ, भारतले लामो समयदेखि सीमा क्षेत्रमा गरेका यस्ता भौतिक संरचना निर्माणसम्बन्धी कार्यहरू स्वतः अन्तर्राष्ट्रिय कानूनविपरीत छन्। भारतका यस्ता गैरकानूनी कार्यहरूका कारण उत्पन्न सम्पूर्ण नोक्सानीको उचित क्षतिपूर्ति अब उसले तिर्नुपर्ने हुन्छ, तिराउनैपर्ने कानुनविद् हरुको भनाइ छ।

### यसरी भयो हस्तक्षेप र प्रतिरोध

भारतीय पक्षले एकतर्फीरुपमा बनाएको बाँधले नेपालतर्फको करिब एक दर्जन गाविस जलमग्न हुने भएपछि सप्तरीका तिलाठीबासीले बिहीबार भत्काइदिएका छन्। यो बाँधले सप्तरीको रम्पुरा मल्हनियाँ, तिलाठी, लौनियाँ, सकरपुरा, विषहरिया, कोइलाडी बर्साइन, बर्साइन, हनुमाननगरसहितका गाविसहरु जलमग्न हुँदै आएका थिए। अबिरल बर्षाका कारण गत शनिबार आफैं यो बाँध भत्किएको थियो। बाँध भत्केपछि भारतीय पक्ष र नेपाली पक्षबीच तत्काल यो बाँध नबनाउने सहमति भएको थियो। तर, बुधबारदेखि भारतीय पक्षले पूर्वसहमति विपरीत यो बाँध बाँध्ने काम शुरु गरेपछि नेपालीहरुले भत्काइदिएका थिए।

नेपालीहरु बिहीबार बिहानैदेखि बाँध भत्काउन गएका थिए तर भारतीय पक्षका बासिन्दा धेरै भएपछि त्यत्तिकै फर्केका थिए। दिउँसोतिर नेपाली पक्षको संख्या धेरै भयो। त्यसपछि बाँधमा राखिएको बाँस र बालुवाका बोरा झिकेर नेपालीहरुले फालिदिए। त्यसपछि घटना केहीबेर साम्य भयो। साँझ ५ बजेतिर नेपाली पक्षका बासिन्दाहरु आ-आफ्नो घरतिर लागे। दशगजा क्षेत्रमा थोरै संख्यामा मात्रै नेपालीहरु थिए। त्यही मौका छोपेर दर्जनौं भारतीयहरु त्यहाँ आए र पूर्व जिविस सदस्य देवनारायण यादव सहितका नेपालीमाथि अन्धाधुन्ध कुटपिट गर्न थाले। यादवलाई कुट्दै भारततर्फ लग्न खोजेपछि नेपालीहरु पनि जम्मा भएर उनलाई बँचाएका थिए। दुबै पक्षबीच बाँसको भाटा तथा ढुंगा हानाहान भयो।

भारतीयहरुले नेपालीमाथि आक्रमण गर्दा भारतीय सुरक्षाकर्मीको बाक्लो उपस्थित थियो तर, नेपाली सुरक्षाकर्मीको उपस्थिति न्यून थियो। पटक-पटक प्रमुख जिल्ला अधिकारी, प्रहरी प्रमुखदेखि लिएर मन्त्रीस्तरसम्म कुरा गरिरहँदा पनि कसैले आफूहरुको समस्या नसुनेको तिलाठीबासीहरुको भनाइ छ। पूर्व जिविस सदस्य देवनारायण यादव, हर्षबर्द्धन कर्ण, संजीव झा, रोशन झा, सुशिल यादव, शंकर यादवसहित १४ नेपाली सो घटनामा घाइते भएका छन्। घाइतेमध्ये देवनारायण यादवको उपचार अहिले काठमाडौंको स्वयम्भूस्थित प्रस्तावित मनमोहन अस्पतालमा भइरहेको छ।

सो घटनापछि भारतीय र नेपाल पक्षका अधिकारीबीच भएको छलफलमा तत्काल भारतीय पक्षले सो बाँध नबाध्ने सहमति गरेको छ। तिलाठीको यो घटनाले नेपालका दलाल शासकहरु र भारतीय विस्तारवादलाई गतिलो झापड दिएको छ।

## कोशी ब्यारेजमा ...

के छ भने भारतको विहार सरकार अन्तर्गतको एकजना जिल्ला अधिकारीले आफ्नो मातहतको एकजना कर्मचारीलाई ३ जुलाई २०१६ मा पठाएको आदेशात्मक पत्रका आधारमा उक्त कर्मचारीले नेपालको सुनसरी जिल्लाका प्रमुख जिल्ला अधिकारीलाई त्यसको भोलिपल्ट सिधै पत्राचार गरेका छन्। यहां समान सार्वभौम छिमेकी राष्ट्रहरुमा गरिनु पर्ने शिष्टाचार र मर्यादाको खिल्ली उडाइएको छ।

नेपाल एक सार्वभौम राष्ट्र हो। भारत र नेपालबीचमा कुटनीतिक सम्बन्धहरु कायम रहिआएका छन्। तर भारतीय मिचाहा प्रवृत्तिका कारण बेलाबेलामा यस्ता अपमानजनक व्यवहारहरु नेपालीहरुमाथि दोहरिइरहने गरेका छन्। नेपालको भूमिमाथि गिद्देदृष्टि लगाउँदै आएको भारत र यसका मातहतका कर्मचारीहरुको अभद्र र अमर्यादित व्यवहारको यो कुरुप अभिव्यक्ति पनि हो।

भारतीय पक्षले नै प्रचारमा ल्याएर हाइलाइट गरेका लश्कर-ए-तोयबा, जैश-ए-मोहमद तथा पाकमूलका इण्डियन मुजाहिद्दिनद्वारा नेपालमा रहेका महत्वपूर्ण प्रतिष्ठानहरूलाई लक्षित गर्ने योजना रहेको बताइएकाले यो कतै प्रायोजित त हुँदै छैन भन्ने गहिरो आशंका नेपालीहरुमाझ जन्माएको छ। तथापि नेपाल सरकारले ढिलै भए पनि राष्ट्रका गौरवका रुपमा रहेका देशका प्रमुख प्रतिष्ठानहरुको सुरक्षालाई ध्यान दिंदै प्रशासनिक उच्च शतर्कता अनाइएको जनाएको छ।

## पहिरोको पीडामा ...


छ। अग्ला लेकका फेदीहरुमा बाक्लो कुहिरोले ढाक्ने र उद्धारका कामहरुमा बाधा पुग्ने देखिएको छ। सबैभन्दा उत्तम विकल्प त स्थानीयहरुको प्रयोग नै हो।

पहिरो बाढीले एकहप्ताभित्रै ३८ जनाको ज्यान गएको प्युठानमा जनताहरु अहिले पनि रातभर जाग्राम बस्छन्। आफ्नो घरआंगन, धनसंपत्ति र लालाबाला छाडेर कहां जानु ? खुला चौर र बाटाको छेउछाउ नै पानी दर्कदा रात कटाउनका लागि उपयुक्त ठाउंहरु हुन्छन्।

जलवायु परिवर्तनका हिसाबले प्युठानलाई पहिले देखि नै जोखिमपूर्ण क्षेत्रमा राखिएको थियो। तर पनि व्यवस्थापनको पूर्व तयारी भने देखिएन। प्युठानलाई राप्ती अञ्चलको शिक्षित र सुविधासम्पन्न जिल्लामा लिइन्छ। तर त्यहां भएका सूचना सञ्चार तथा साधनहरुको प्रयोगका लागि उचित समन्वय भएको देखिएन। समयमै अत्यावश्यक उद्धार सामग्रीहरु लैजान पनि सकिएन।

भूकम्पको बारम्बार धक्का र त्यसले ल्याएको दरार, चिरा र भूस्खलनका कारणले पनि वर्षाको पानीलाई थेग्न नसकेको हुनसक्ने स्थानीयहरु बताउंछन्। प्युठानको फोप्ली गाविस पहिरोबाट धेरै प्रभावित छ। यस गाविसको लुप्लुङ भन्ने गाउंबाहेक अरु सबै गाउंहरुमा पनि यसै गरी पहिरो बगिरहेको छ। त्यही गाविसमा मात्र २७ जनाको ज्यान गएको छ। त्यसै गरी रजवारा गाविसमा ३ जना, पुंजामा ३ जना, माझकोटमा ३ जना र बाहनेमा ५ जनाको ज्यान गएको छ। पछिल्लो चरणमा फोप्ली गाविसको माक्रे र बल्लेको बीचमा पर्ने अंधेरीमा माओवादी केन्द्रका केन्द्रीय सदस्य हरि केसी र उनको परिवारसहित ९ जना एउटै पहिरो मुनि परेपछि प्युठानमा पहिरोको सन्त्रास नै फैलिएको थियो। उक्त पहिरोबाट स्थानीयका अनुसार २ जनाको उद्धार गरिए पनि ७ जनाको ज्यान गएको छ।

उता झिमरुक नदी गहिरो गल्छी कटान गर्दै गेजवाङ, विजुवार, बाग्दुला र बरौलाका फांटहरुमा पसिरहेकाले उर्वरक फांटहरु पनि मासिदै गइरहेका छन्।




प्रकाशक : रामसिंह बुढाथोकी, प्रधान सम्पादक : कुमार शाह, सम्पादक : इन्द्र राउत, कार्यालय : बुद्धनगर, काठमाडौं, सम्पर्क नं. : ९८५११३४८३०, इमेल : bargadristi073@gmail.com, मुद्रण : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं